# आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयगत प्रगति विवरण

गण्डकी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

जेठ, २०८१

# प्राक्कथन

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ मा विषयगत मन्त्रालय तथा निकायहरुले हासिल गरेका मुख्य मुख्य उपलब्धि तथा बजेट कार्यन्वयनमा देखिएका समस्या र समाधानका लागि अवलम्बन गर्नु पर्ने विषयवस्तु समेटेर यो बार्षिक प्रगति विवरण तयार गरिएको हो । प्रस्तुत विवरणले आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट तथा सो को उपलब्धि तथा आर्थिक बर्ष २०८०/८१ का लागि विनियोजित बजेट र बि.सं.२०८० बैशाख मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगतिको अवस्थालाई प्रतिविम्वित गरेको छ ।

आर्थिक मामिला मन्त्रालयबाट वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नीति, निर्देशन, अनुगमन तथा मूल्यांकन र सहजीकरणद्वारा गरिएको निरन्तरको प्रयासको बावजुद चालु आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्मको अवधिमा विनियोजित बजेटको ३७.०१ प्रतिशत वित्तीय प्रगति भएको छ भने स्रोत व्यवास्थापनतर्फ लक्ष्यको ६०.१३ प्रतिसत परिचालन भएको छ ।

प्रस्तुत वार्षिक विवरणबाट उपलब्ध हुने गण्डकी प्रदेश सरकारको आम्दानी, खर्चको अवस्था एवम् विभिन्न मन्त्रालयबाट सम्पादित महत्वपूर्ण आयोजना वा कार्यक्रमको उपलब्धिको यथार्थ जानकारी सम्बद्ध सबैलाई उपयोगी हुने अपेक्षा गरेको छु। फलस्वरूप आगामी दिनमा समग्र बजेट प्रक्रियामा सुधारको मार्ग चित्र तय गरी प्रदेशको अर्थतन्त्रलाई अपेक्षित दिशामा डोर्याउन सघाउ पुग्ने विश्वाश लिएको छु ।

अन्त्यमा, विवरण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला मन्त्रालयका कर्मचारी, आवश्यक तथ्य, तथ्यांक र सूचना उपलब्ध गराउने सबै मन्त्रालय, निकाय तथा प्रत्यक्ष एवम् अप्रत्यक्ष तवरले योगदान पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

२०८१, जेठ

डा. टकराज गुरुङ

आर्थिक मामिला मन्त्री

# मन्तव्य

गण्डकी प्रदेशमा आर्थिक बर्ष २०८०/८१ मा प्रदेश सरकारबाट संचालित वार्षिक कार्यक्रमहरूको प्रगतिको समीक्षा गरी यो "वार्षिक प्रगति विवरण" प्रकाशन गरिएको छ। समीक्षा अवधिको प्रदेशको आय र व्ययको अवस्था, राजस्व परिचालन र खर्च व्यवस्थापन सम्बन्धी विवरणमा समावेश गरिएको छ ।

चालु आर्थिक वर्षको बजेट कार्यान्वयन अपेक्षित समय भित्र प्रभावकारी ढङ्गले गर्न जिम्मेवार सबैले अझै प्रयास गर्नुपर्ने आवश्यकता उजागर हुन्छ ।यो विवरण विषयगत मन्त्रालय र निकायको मन्त्रालय स्तरीय समीक्षा र उपलब्ध गराइएका प्रगति विवरणका आधारमा तयार गरिएको हो। प्रगति समीक्षाबाट आगामी आर्थिक वर्षमा विकासका लक्ष्यहरु हासिल गर्न नीतिगत र कार्यगत सुधारमा पृष्ठपोषण हुने अपेक्षा गरेको छु।

अन्त्यमा ,यो वार्षिक प्रगति विवरण गण्डकी प्रदेश सरकारको बार्षिक कार्यक्रम कार्यान्वयनका सम्बन्धमा जानकारी राख्न चाहने सबै सरोकारवालाहरुको लागि उपयोगी हुने विश्वाश लिएको छु । यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबै धन्यवादका पात्र हुनुहुन्छ ।

२०८१ जेठ

पुरुषोत्तम शर्मा

प्रदेश सचिव

# विषय सूचि


प्राक्कथन.......................................................................................... अ

मन्तव्य.......................................................................................... आ

परिच्छेद १ परिचय.......................................................................................... १

१.१. पृष्ठभूमि १

१.२. बजेट र कार्यान्वयन स्थिति १

१.३. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था १

१.४. प्रदेश सञ्चित कोषको अवस्था २

१.५. प्रदेश आन्तरिक ऋण २

१.६. प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन २

परिच्छेद २ वार्षिक बजेट विनियोजन र खर्चको अवस्था .......................................................... ४

२.१. आर्थिक वर्ष २०७९/८० को विनियोजन र खर्चको अवस्था ४

२.२. आर्थिक वर्ष २०७९/८० को सुरु विनियोजन, संशोधित अनुमान र यथार्थ खर्चको अवस्था ४

२.३. आर्थिक वर्ष २०८०/८१ को विनियोजन र खर्चको अवस्था ५

२.४. आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को विनियोजन र खर्चको तुलनात्मक अवस्था ५

२.५. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयगत विनियोजन र खर्चको अवस्था ६

२.६. आर्थिक वर्ष २०७९/८० को स्रोतगत विनियोजन र खर्चको अवस्था ९

परिच्छेद ३ स्रोत व्यवस्थापनको अवस्था.......................................................... १०

३.१. स्रोत व्यवस्थापन १०

३.१.१. शीर्षकगत राजस्व प्राप्तिको अवस्था ११

३.१.२. स्रोत व्यवस्थापनको तुलना १३

३.२. नेपाल सरकारबाट हुने वित्तीय हस्तान्तरणको अवस्था १४

३.३. राजस्व छुटको अवस्था १४

परिच्छेद ४ मन्त्रालयगत प्रगति विवरण.......................................................... १५

४.१. गण्डकी प्रदेश सभा १५
४.१.१. प्रदेश सभाको जिम्मेवारी र भूमिका १५
४.१.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका महत्वपूर्ण कार्यहरुः १७
४.१.३. बजेट कार्यान्वयनका समस्या र चुनौती १७
४.२. प्रदेश लोक सेवा आयोग १८
४.२.१. जिम्मेवारी र भूमिका १८
४.२.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु १८
४.२.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : २३
४.२.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः २३
४.२.५. कार्यसम्पादनका सिलसिलामा महसुस गरिएका समस्याहरु २३
४.२.६. भावी योजना तथा कार्यक्रम २४
४.३. मुख्य न्यायाधिवक्ताको कार्यालय २४
४.३.१. जिम्मेवारी र भूमिका २४
४.३.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादान गरिएका महत्वपूर्ण कार्यहरु २५
४.३.३. समस्या र चुनौती २५
४.३.४. समाधान २६
४.४. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय २७
४.४.१. जिम्मेवारी र भूमिकाः २७
४.४.२. चालु आर्थिक वर्ष २०८०/०८१ को वैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः- २७
४.४.३. समस्या तथा चुनौति २९
४.४.४. समाधानका उपाय २९
४.४.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र यथार्थ खर्चको विवरण : ३०
४.४.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः ३०
४.५. आर्थिक मामिला मन्त्रालय ३०
४.५.१. जिम्मेवारी र भूमिका ३०
४.५.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका कार्यहरु ३१
४.५.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र यथार्थ खर्चको विवरण : ३२

४.५.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ वैशाखसम्मको खर्चको विवरणः ३२
४.५.५. मुख्य समस्या र चुनौतीहरु ३२
४.५.६. समाधानका उपाय ३३
४.६. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय ३४
४.६.१. जिम्मेवारी तथा भूमिका ३४
४.६.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ३५
४.६.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ३६
४.६.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बैशाखसम्मको खर्चको विवरणः ३६
४.६.५. कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरू ३६
४.६.६. समाधानका लागि गरिएका प्रयासहरू ३६
४.७. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय(स्वास्थ्य तर्फ) ३७
४.७.१. आर्थिक वर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ३७
४.७.२. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ३९
४.८. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय ३९
४.८.१. जिम्मेवारी र भूमिका ३९
४.८.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ४०
४.८.३. मुख्य समस्या र चुनौतीहरुः ४०
४.८.४. मन्त्रालयको आगामी कार्यदिशा ४१
४.८.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ४१
४.८.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाख सम्मको खर्चको विवरणः ४१
४.९. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (उद्योग तथा पर्यटन तर्फ) ४२
४.९.१. जिम्मेवारी र भुमिकाः ४२
४.९.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका कार्यहरु ४२
४.९.३. मुख्य समस्या र चुनौतिहरु ४४
४.९.४. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ४६
४.९.५. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः ४६
४.१०. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन तथा वातावरणतर्फ) ४६

४.१०.१. मन्त्रालयको जिम्मेवारी र भूमिका ४६
४.१०.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ४७
४.१०.३. मुख्य समस्या एवं चुनौती ४७
४.१०.४. समाधानका उपाय ४८
४.१०.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ५०
४.११. कृषि तथा भूमि व्यवस्था मन्त्रालय ५०
४.११.१. मन्त्रालयको जिम्मेवारी र भूमिका ५०
४.११.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ५१
४.११.३. मुख्य समस्या र चुनौतीहरु ५२
४.११.४. मन्त्रालयको आगामी कार्यदिशा ५३
४.११.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ५४
४.११.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः ५४
४.१२. ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय ५५
४.१२.१. जिम्मेवारी र भूमिकाः ५५
४.१२.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका महत्वपूर्ण कार्यहरुः ५६
४.१२.३. मुख्य समस्या र चुनौती ५७
४.१२.४. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ५८
४.१२.५. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः ५८
४.१३. गण्डकी प्रदेश नीति तथा योजना आयोग ५८
४.१३.१. आयोगको जिम्मेवारी तथा भूमिका ५८
४.१३.२. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण : ६१
४.१३.३. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः ६१
४.१३.४. वजेट कार्यान्वयनमा देखिएका समस्या चुनौती ६१
अनुसूचीहरू ........................................................................................................ ६२
अनुसूची-१ मन्त्रालयगत स्रोतगत खर्चको अवस्था ६३
अनुसूची -२ बजेट उपशीर्षक अनुसार समष्टिगत वित्तीय प्रगतिको अवस्था ६५
अनुसूची -३ अनुदान सङ्ख्या अन्तर्गतका कार्यालयको समष्टिगत वित्तीय प्रगतिको अवस्था ७३

# परिच्छेद १
# परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधानको धारा २०७ को उपधारा (२) मा प्रदेश सरकारको अर्थ मन्त्रीले वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम प्रस्तुत मन्त्रालयगत प्रगति विवरणमा अघिल्लो आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयगत रूपमा भएको विनियोजन र खर्चको यथार्थ विवरण, चालु आर्थिक वर्ष २०८०/८१ को विनियोजन, वैशाख मसान्तसम्मको आय विवरण र मन्त्रालयगत/निकायगत रूपमा भएको खर्चको आर्थिक विवरण उल्लेख गरिएको छ। साथै प्रस्तुत प्रगति विवरणमा चालु आर्थिक वर्षमा मन्त्रालयबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति र कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौती समेतको विवरण प्रस्तुत गरिएको छ।

## १.२. बजेट र कार्यान्वयन स्थिति

चालु आर्थिक वर्ष २०८०/८१ को लागि प्रदेश सरकारबाट कूल रु. ३३ अर्ब ४२ करोड ७२ लाख बजेट विनियोजन गरिएकोमा वैशाख मसान्तसम्मको समायोजित रु. १२ अर्ब २९ करोड २१ लाख ५९ हजार अर्थात् सुरु विनियोजनको ३६.७७ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षमा सोही अवधिमा कूल विनियोजनको ३५.७८ प्रतिशत खर्च भएको थियो। चालु आर्थिक बर्षमा राजनीतिक अस्थिरता, पदाधिकारीको फेरबदलले अघिल्लो आर्थिक बर्षको खर्चको तुलनामा आशातीत वृद्धि हासिल हुन् सकेन । यद्यपी गण्डकी प्रदेश निजामती सेवा ऐन तथा नियमावली कार्यान्वयनमा रहेकोले प्रदेश लोक सेवा आयोगवाट नियमित कर्मचारी भर्ना र पदाधिकारी एवं कर्मचारीको पूर्णताले आगामी दिनमा गण्डकी प्रदेश सरकारको खर्चमा उल्लेख्य सुधार हुने अपेक्षा गरिएको छ।

## १.३. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३ सम्म) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम गण्डकी प्रदेश सरकारलाई कानून बमोजिम प्रदेश भित्र करारोपण गर्ने, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। उल्लेखित क्षेत्रको विषयमा देहायमा छुट्टाछुट्टै वर्णन गरिएको छ।

## १.४. प्रदेश सञ्चित कोषको अवस्था

चालु आर्थिक वर्षमा रु. ३३ अर्ब करोड ७२ लाख कूल विनियोजन गरिएको र सो विनियोजनका लागि प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु. ५ अर्ब १६ करोड ९१ लाख, संघ सरकारबाट प्राप्त हुने अनुदानबाट रु. १४ अर्ब १० करोड ४० लाख, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रु. ९ अर्ब ५ करोड ३२ लाख, रोयल्टी वापत प्राप्त हुने रु. ४० करोड ८ लाख, आन्तरिक ऋणबाट रु. १ अर्ब ७० करोड र नगद मौज्दातबाट रु. ३ अर्ब स्रोत परिचालन गर्ने लक्ष्य राखिएको छ। बैशाख मसान्तसम्मको अवधिमा आन्तरिक राजस्वबाट रु. २ अर्ब ७४ करोड २९ लाख १८ हजार, संघ सरकारबाट प्राप्त हुने अनुदान रु. ८ अर्ब ६८ करोड २० लाख ९ हजार, राजस्व बाँडफाँटबाट रु. ५ अर्ब ९९ करोड ५८ लाख ४३ हजार र रोयल्टी वापत रु. ३४ करोड ४१ लाख १५ हजार गरी जम्मा रु. २० अर्ब १० करोड १ लाख ८७ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। गत आर्थिक वर्षको नगद मौज्दात रु. २ अर्ब ३३ करोड ५३ लाख २ हजार रहेको छ। यसरी चालु आर्थिक वर्षको वैशाख मसान्तसम्मको अवधिमा रु. १२ अर्ब ३७ करोड ४ लाख १६ हजार (Real Time Expenditure) खर्च भई रु. ७ अर्ब ७२ करोड ९७ लाख ७१ हजार नगद मौज्दात रहेको छ।

## १.५. प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले चालु आर्थिक वर्षमा बजेटको स्रोत व्यवस्थापन गर्न १ अर्ब ७० करोड आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा कानुन र संस्थागत व्यवस्था नहुँदा हालसम्म उक्त ऋण परिचालन हुन सकेको छैन।

## १.६. प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई समावेश गरेको छ। गण्डकी प्रदेश सरकारले उल्लेखित क्षेत्रहरूमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ।

सहकारी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को बैशाख मसान्तसम्म सहकारीको संख्या ९४१ रहेको छ। यस अवधिसम्म गण्डकी प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी संघ, संस्थाहरूबाट प्राप्त विवरण अनुसार सहकारी संघ, संस्थाहरूको कूल शेयर पुँजी रु. १३ अर्व १७ करोड ३१ लाख २५ हजार ३२५ रहेको छ। यसैगरी बचत संकलन रु. ५९ अर्व ७९ करोड ८५ लाख ४६ हजार पुगेको छ। सहकारी संघ, संस्थाहरूबाट यस अवधिमा रु. ६४ अर्व ५९ करोड १४

लाख १६ हजार ऋण लगानी रु. ७१ करोड ६७ लाख ९४ हजार शेयर लगानी भएको देखिन्छ। प्रदेश क्षेत्राधिकारभित्रका सहकारी संघ, संस्थाहरूको जगेडा कोष रु. ४ अर्व ३४  लाख ९७ हजार रहेको छ। प्राप्त विवरण अनुसार उल्लेखित सहकारी संघ, संस्थाहरूमा ३ लाख ४१ हजार ७८ महिला, २ लाख ८९ हजार ९४२ पुरुष र ३ हजार ५९८  संस्थागत गरी कूल ५ लाख ८५ हजार १८२ सदस्य रहेका छन्।

# परिच्छेद २
# वार्षिक बजेट विनियोजन र खर्चको अवस्था

## २.१. आर्थिक वर्ष २०७९/८० को विनियोजन र खर्चको अवस्था

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश सरकारबाट विनियोजन गरिएको कूल बजेट, यथार्थ खर्च र सोही आर्थिक वर्षको वैशाख मसान्तसम्मको खर्चको विवरण निम्नानुसार रहेको छ।

**तालिका १** विनियोजन र खर्चको अवस्था।

**(रु. हजारमा)**

| विवरण | सुरु विनियोजन | वैशाख मसान्तसम्म | | असार मसान्तसम्म | |
|---|---|---|---|---|---|
| | | खर्च रकम | खर्च प्रतिशत | खर्च रकम | खर्च प्रतिशत |
| चालु | १३,२६,८८,५० | ५,५८,०८,१५ | ४२.०६ | ८३,५३,५२३ | ६६.५२ |
| पुँजीगत | २२,१४,०१,४६ | ७,२६,८८,८९ | ३२.८३ | १,५२,६१,३६१ | ६६.७८ |
| वित्तीय व्यवस्था | ५०,००,०० | ० | ०.०० | ० | ०.०० |
| **जम्मा** | **३५,९०,९०,००** | **१२,८४,९०,०४** | **३५.७८** | **२,३६,१४,८८४** | **६५.७६** |

स्रोत: मन्त्रालयबाट प्रकाशित विवरणका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS) ।

## २.२. आर्थिक वर्ष २०७९/८० को सुरु विनियोजन, संशोधित अनुमान र यथार्थ खर्चको अवस्था

आर्थिक वर्ष २०७९/८० को सुरु विनियोजन, आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको अनुसूची ५ बमोजिमको व्यय अनुमानको संशोधित अनुमान र असार मसान्तसम्म भएको यथार्थ खर्चको विवरण निम्नानुसार रहेको छ।

**तालिका २** विनियोजन, संशोधित अनुमान र यथार्थ खर्चको अवस्था

(रु. हजारमा)

| विवरण | सुरु विनियोजन | संशोधित खर्च अनुमान | यथार्थ खर्च | संशोधित अनुमान र यथार्थ खर्चको फरक प्रतिशत |
|---|---|---|---|---|
| चालु | १३२६८८५० | ११३२२०६७ | ८३५३५२३ | ३५.५ |
| पुँजीगत | २२१४०१५० | १६७३४६३३ | १५२६१३६१ | ९.७ |
| वित्तीय व्यवस्था | ५००००० | ० | ० | ०.० |
| जम्मा | ३५९०९००० | २८०५६७०० | २३६१४८८४ | **१८.८** |

स्रोत: मन्त्रालयबाट प्रकाशित विवरणका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS) ।

## २.३. आर्थिक वर्ष २०८०/८१ को विनियोजन र खर्चको अवस्था

चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट विनियोजन गरिएको कूल बजेट र वैशाख मसान्तसम्मको अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

**(रु. हजारमा)**

तालिका ३ विनियोजन र खर्चको अवस्था।

| विवरण | सुरु विनियोजन | वैशाख मसान्तसम्मको खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | १२,७३,६७,३८ | ५,२६,४४,१५ | ४१.३३ |
| **पुँजीगत** | २०,१९,०४,६२ | ७,१०,६०,०० | ३५.०० |
| **वित्तीय व्यवस्था** | ५०,००,०० | ० | ०.०० |
| **जम्मा** | **३३,४२,७२,००** | **१२,३७,०४,१५** | **३७.००** |

स्रोत: विभिन्न प्रकाशित विवरणका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS) ।

## २.४. आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को विनियोजन र खर्चको तुलनात्मक अवस्था

आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को कूल बजेट विनियोजन र दुवै आर्थिक वर्षमा वैशाख मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थालाई देहाय बमोजिम तालिकामा देखाइएको छ।

तालिका ४. विनियोजन र खर्चको तुलनात्मक अवस्था । (रु. हजारमा)

| विवरण | आर्थिक वर्ष | | | | | | | | तुलनात्मक फरक (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | | | | | २०८०/८१ | | | |
| | सुरु विनियोजन | कूल खर्च | खर्च (%) | वैशाख मसान्त सम्मको खर्च | खर्च (%) | सुरु विनियोजन | वैशाख मसान्त सम्मको खर्च | खर्च (%) | |
| चालु | १३,२६,८८,५० | ८३,५३,५२३ | ६६ | ५,५८,०८,१५ | ४२ | १२७३६७३८ | ५,२६,४४,१५ | ४१ | ०.७३ |
| पुँजीगत | २२,१४,०१,४६ | १,५२,६१,३६१ | ६६ | ७,२६,८८,८९ | ३२ | २०१९०४६२ | ७,१०,६०,०० | ३५ | -२.१७ |
| वित्तीय व्यवस्था | ५०,००,०० | ० | ०.०० | ० | ०.०० | ५००००० | ० | ० | ०.० |
| जम्मा | **३५,९०,९०,००** | **२,३६,१४,८८२** | **६५.७६** | **१२,८४,९०,०४** | **३५.७८** | **३३४२७२००** | **१२,३७,०४,१५** | **३७** | **-१.२२** |

**स्रोत: विभिन्न प्रकाशित विवरणका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS)**

## २.५. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयगत विनियोजन र खर्चको अवस्था

चालु आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालय/निकायको लागि विनियोजन गरिएको बजेट, वैशाख मसान्तसम्म उक्त निकायमा बजेट रकमान्तर भई थपघट भएको बजेट र वैशाख मसान्तसम्मको खर्चको संक्षिप्त विवरण निम्नानुसारको रहेको छ।

**(रु. हजारमा)**

| अनुदान संख्या | मन्त्रालय | विवरण | खर्च प्रकार | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | वित्तीय व्यवस्था | |
| २०२ | गण्डकी प्रदेश सभा | विनियोजन | १४९९०३ | १२५०० | ० | १६२४०३ |
| | | घटी/बढी | २१४२ | ० | ० | २१४२ |
| | | खुद बजेट | १५२०४५ | १२५०० | ० | १६४५४५ |
| | | खर्च | १००४६७ | ३६२३ | ० | १०४०८९ |
| | | विनियोजनमा खर्च % | ६७.०२ | २८.९८ | ०.०० | ६४.०९ |
| | | खुद बजेटमा खर्च % | ६६.०८ | २८.९८ | ०.०० | ६३.२६ |
| २१० | गण्डकी प्रदेश लोक सेवा आयोग | विनियोजन | १११७५४ | ११४०० | ० | १२३१५४ |
| | | घटी/बढी | २०००० | ० | ० | २०००० |
| | | खुद बजेट | १३१७५४ | ११४०० | ० | १४३१५४ |
| | | खर्च | ८८६९८ | ८६९ | ० | ८९५६७ |
| | | विनियोजनमा खर्च % | ७९.३७ | ७.६२ | ०.०० | ७२.७३ |
| | | खुद बजेटमा खर्च % | ६७.३२ | ७.६२ | ०.०० | ६२.५७ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | विनियोजन | १४१४० | २००० | ० | १६१४० |
| | | घटी/बढी | ४८२ | ० | ० | ४८२ |
| | | खुद बजेट | १४६२२ | २००० | ० | १६६२२ |
| | | खर्च | १०८२९ | १९१ | ० | ११०२१ |
| | | विनियोजनमा खर्च % | ७६.५९ | ९.५७ | ०.०० | ६८.२८ |
| | | खुद बजेटमा खर्च % | ७४.०६ | ९.५७ | ०.०० | ६६.३० |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विनियोजन | ८५५१२२ | २८३७०० | ० | ११३८८२२ |
| | | घटी/बढी | ५१६३२ | ० | ० | ५१६३२ |
| | | खुद बजेट | ९०६७५४ | २८३७०० | ० | ११९०४५४ |
| | | खर्च | ४०२८९४ | ३९२९५ | ० | ४४२१८९ |
| | | विनियोजनमा खर्च % | ४७.१२ | १३.८५ | ०.०० | ३८.८३ |
| | | खुद बजेटमा खर्च % | ४४.४३ | १३.८५ | ०.०० | ३७.१४ |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | विनियोजन | १४२८७८ | ८७०० | ० | १५१५७८ |
| | | घटी/बढी | ० | ० | ० | ० |
| | | खुद बजेट | १४२८७८ | ८७०० | ० | १५१५७८ |
| | | खर्च | ५२८५४ | १७०१ | ० | ५४५५५ |
| | | विनियोजनमा खर्च % | ३६.९९ | १९.५६ | ०.०० | ३५.९९ |
| | | खुद बजेटमा खर्च % | ३६.९९ | १९.५६ | ०.०० | ३५.९९ |

| अनुदान संख्या | मन्त्रालय | विवरण | खर्च प्रकार | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | वित्तीय व्यवस्था | |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | विनियोजन | ७९७२३५ | ८०७६३३ | ० | १६०४८६८ |
| | | घटी/बढी | १३७४ | ० | ० | १३७४ |
| | | खुद बजेट | ७९८६०९ | ८०७६३३ | ० | १६०६२४२ |
| | | खर्च | ४०८४५३ | २८३६९४ | ० | ६९२१४७ |
| | | विनियोजनमा खर्च % | ५१.२३ | ३५.१३ | ०.०० | ४३.१३ |
| | | खुद बजेटमा खर्च % | ५१.१५ | ३५.१३ | ०.०० | ४३.०९ |
| ३१२ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | विनियोजन | २०४९५६९ | १६७०५७ | ० | २२१६६२६ |
| | | घटी/बढी | १६८२८ | ११२४३ | ० | २८०७१ |
| | | खुद बजेट | २०६६३९७ | १७८३०० | ० | २२४४६९७ |
| | | खर्च | ६५९२२८ | ४६०८८ | ० | ७०५३१६ |
| | | विनियोजनमा खर्च % | ३२.१६ | २७.५९ | ०.०० | ३१.८२ |
| | | खुद बजेटमा खर्च % | ३१.९० | २५.८५ | ०.०० | ३१.४२ |
| ३३७ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | विनियोजन | ४२०३०३ | १२०८९९२४ | ० | १२५१०२२७ |
| | | घटी/बढी | ४८० | ९२३८१ | ० | ९२८६१ |
| | | खुद बजेट | ४२०७८३ | १२१८२३०५ | ० | १२६०३०८८ |
| | | खर्च | २३१११ | ४२०१५३८ | ० | ४४३२६४९ |
| | | विनियोजनमा खर्च % | ५४.९९ | ३४.७५ | ०.०० | ३५.४३ |
| | | खुद बजेटमा खर्च % | ५४.९२ | ३४.४९ | ०.०० | ३५.१७ |
| ३४० | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | विनियोजन | ३५१८०५ | ४६६०२०० | ० | ५०१२००५ |
| | | घटी/बढी | ५० | ५००० | ० | ५०५० |
| | | खुद बजेट | ३५१८५५ | ४६६५२०० | ० | ५०१७०५५ |
| | | खर्च | १८६१७१ | २२०७२२२ | ० | २३९३३९३ |
| | | विनियोजनमा खर्च % | ५२.९२ | ४७.३६ | ०.०० | ४७.७५ |
| | | खुद बजेटमा खर्च % | ५२.९१ | ४७.३१ | ०.०० | ४७.७१ |
| ३५० | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | विनियोजन | ४०७०४०८ | ९८६७४८ | ० | ५०५७१५६ |
| | | घटी/बढी | ६४५७२ | ६३५७८ | ० | १२८१५० |
| | | खुद बजेट | ४१३४९८० | १०५०३२६ | ० | ५१८५३०६ |
| | | खर्च | १७९४८५७ | ३१९२२२ | ० | २११४०७९ |
| | | विनियोजनमा खर्च % | ४४.१० | ३२.३५ | ०.०० | ४१.८० |
| | | खुद बजेटमा खर्च % | ४३.४१ | ३०.३९ | ०.०० | ४०.७७ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | विनियोजन | ६०००० | ५००० | ० | ६५००० |
| | | घटी/बढी | ६०० | ० | ० | ६०० |
| | | खुद बजेट | ६०६०० | ५००० | ० | ६५६०० |
| | | खर्च | २४०६७ | २५५७ | ० | २६६२४ |
| | | विनियोजनमा खर्च % | ४०.११ | ५१.१४ | ०.०० | ४०.९६ |
| | | खुद बजेटमा खर्च % | ३९.७२ | ५१.१४ | ०.०० | ४०.५९ |
| ५०१ | अर्थ वित्तीय व्यवस्था | विनियोजन | ० | ० | ५००००० | ५००००० |
| | | घटी/बढी | ० | ० | ० | ० |

| अनुदान संख्या | मन्त्रालय | विवरण | खर्च प्रकार | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | वित्तीय व्यवस्था | |
| | | खुद बजेट | ० | ० | ५००००० | ५००००० |
| | | खर्च | ० | ० | ० | ० |
| | | विनियोजनमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | खुद बजेटमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५०२ | अर्थ - आन्तरिक ऋण भुक्तानी | विनियोजन | ६००० | ० | ० | ६००० |
| | | घटी/बढी | ० | ० | ० | ० |
| | | खुद बजेट | ६००० | ० | ० | ६००० |
| | | खर्च | ० | ० | ० | ० |
| | | विनियोजनमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | खुद बजेटमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | विनियोजन | ७००० | ० | ० | ७००० |
| | | घटी/बढी | ० | ० | ० | ० |
| | | खुद बजेट | ७००० | ० | ० | ७००० |
| | | खर्च | ० | ० | ० | ० |
| | | विनियोजनमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | खुद बजेटमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६०२ | अर्थ - विविध | विनियोजन | १५९५१२१ | ११५५६०० | ० | २७५०७२१ |
| | | घटी/बढी | -१७७४०० | -१५४७०२ | ० | -३३२१०२ |
| | | खुद बजेट | १४१७७२१ | १०००८९८ | ० | २४१८६१९ |
| | | खर्च | ० | ० | ० | ० |
| | | विनियोजनमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | खुद बजेटमा खर्च % | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ८०१ | स्थानीय तह | विनियोजन | २१०५५०० | ० | ० | २१०५५०० |
| | | घटी/बढी | १७४० | ० | ० | १७४० |
| | | खुद बजेट | २१०७२४० | ० | ० | २१०७२४० |
| | | खर्च | १३०४७८७ | ० | ० | १३०४७८७ |
| | | विनियोजनमा खर्च % | ६१.९७ | ०.०० | ०.०० | ६१.९७ |
| | | खुद बजेटमा खर्च % | ६१.९२ | ०.०० | ०.०० | ६१.९२ |
| **जम्मा विनियोजन** | | | **१२७३६७३८** | **२०१९०४६२** | **५०००००** | **३३४२७२००** |
| **जम्मा घटी/बढी** | | | **-१७५००** | **१७५००** | **०** | **०** |
| **जम्मा खुद बजेट** | | | **१२७१९२३८** | **२०२०७९६२** | **५०००००** | **३३४२७२००** |
| **जम्मा खर्च** | | | **५२६४४१५** | **७१०६०००** | **०** | **१२३७०४१५** |
| **विनियोजनमा जम्मा खर्च %** | | | **४१.३३** | **३५.१९** | **०.००** | **३७.०१** |
| **खुद बजेटमा जम्मा खर्च %** | | | **४१.३९** | **३५.१६** | **०.००** | **३७.०१** |

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS)

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म भएको मन्त्रालय/निकायगत खर्चको अवस्थालाई लाई निम्नानुसार रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**चार्ट १ वैशाख मसान्तसम्म भएको मन्त्रालय/निकायगत खर्चको अवस्था**




स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS)

## २.६. आर्थिक वर्ष २०७९/८० को स्रोतगत विनियोजन र खर्चको अवस्था

गत आर्थिक वर्ष २०७९/८० र चालु २०८०/८१ को वैशाख मसान्तसम्म भएको स्रोतगत खर्च निम्न अनुसार रहेको छ।

**(रु. हजारमा)**

| अनुदान संख्या | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | खुद बजेट | खर्च | खर्च % | खुद बजेट | खर्च | खर्च % |
| **प्रदेश सरकार** | १९२५८०४९ | १३०५५१९८ | ६७.७९ | १९३२३२०० | ७४३८५२२ | ३८.५० |
| **वित्तीय समानिकरण** | ७९२७९०० | ५७२४८०२ | ७२.२१ | ७६२२५०० | २६५५३२३ | ३४.८४ |
| **विशेष अनुदान** | ८६०००० | ६३५८४९ | ७३.९४ | ७००००० | ४२४२८२ | ६०.६१ |
| **समपुरक अनुदान** | ८३७००० | ४७८७५२ | ५७.२० | ८४०००० | २७०७०५ | ३२.२३ |
| **सशर्त अनुदान** | ७०२६०५१ | ३७२०२८३ | ५२.९५ | ४९४१५०० | १५८१५८४ | ३२.०१ |
| **कुल जम्मा** | **३५९०९०००** | **२३६१४८८३** | **६५.७६** | **३३४२७२००** | **१२३७०४१५** | **३७.०१** |

# परिच्छेद ३
# स्रोत व्यवस्थापनको अवस्था

## ३.१. स्रोत व्यवस्थापन

चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गरिने स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र वैशाख महिनासम्मको अवधिमा प्राप्त भएको स्रोतको अवस्था निम्नानुसार रहेको छ।

(हजार रुपैंयाँमा)

| शिर्षक | वार्षिक लक्ष्य | बैशाख महिना सम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| **प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासन** | **५९६९१८४** | **३४४५२१४** | **५७.७२** |
| **प्रदेश सरकारको आन्तरिक राजस्व** | **५१६९१८४** | **२७४९१०७** | **५३.१८** |
| **संघ सरकारबाट प्राप्त अनुदान** | **१४१०४०००** | **८६८२००९** | **६१.५६** |
| समानीकरण अनुदान | ७६२२५०० | ५६४९०३५ | ७४.११ |
| सशर्त अनुदान चालु | २२१९३०० | २२१७९७५ | ९९.९४ |
| सशर्त अनुदान पूँजीगत | २७२२२०० | ९०००० | ३.३१ |
| विशेष अनुदान चालु | ९०००० | – | – |
| विशेष अनुदान पूँजीगत | ६१०००० | ३०५००० | ५०.०० |
| समपुरक अनुदान चालु | ८४०००० | – | – |
| समपुरक अनुदान पूँजीगत | – | ४२०००० | – |
| **संघ सरकारबाट प्राप्त राजस्व** | **९०५३२००** | **५९९५८५४** | **६६.२३** |
| बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ७२४२५६० | ४५५४९५५ | ६२.८९ |
| बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क | १८१०६४० | १४४०८९९ | ७९.५८ |
| **नेपाल सरकारबाट प्राप्त रोयल्टी** | ४००८१६ | ३४४११५ | ८५.८५ |
| बाँडफाँट भई प्राप्त वन रोयल्टी | ६२४६५ | ४२६३४ | ६८.२५ |
| बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ८४४ | २१४७ | २५४.३८ |
| बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १० | – | ०.०० |
| बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३२८३३९ | २७७९५० | ८४.६५ |
| बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ९१५८ | २१३८५ | २३३.५१ |
| **जम्मा** | २९५२७२०० | १८४६७१९२ | ६२.५४ |
| **गत वर्षको नगद मौज्दात** | **३००००००** | **२३३५३०२** | **७७.८४** |
| **राजस्व बाँडफाँट (-)** | **–८०००००** | **–६९६१०६** | **८७.०१** |

| शिर्षक | वार्षिक लक्ष्य | वैशाख महिना सम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| **नेपाल सरकारबाट प्राप्त हुने आन्तरिक ऋण** | **१७०००००** | **-** | **-** |
| **प्रदेश संञ्चित कोषमा दाखिला हुने** | **३३४२७२००** | **२०१०६३८८** | **६०.१५** |

### ३.१.१. शीर्षकगत राजस्व प्राप्तिको अवस्था

प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८०/८१ को स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र वैशाख महिनासम्म प्राप्त भएको स्रोतलाई शीर्षकगत रूपमा निम्नानुसार देखाइएको छ।

(रु. हजारमा)

| शिर्षक | वार्षिक लक्ष्य | वैशाख सम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| कृषि आयमा कर | ५०० | ० | ०.०० |
| घर जग्गा लगायतको रजिष्ट्रेशन दस्तुर | ११०००००० | ४८६७७९ | ४४.२५ |
| बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७२४२५६० | ४५५४९५५ | ६२.८९ |
| बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | १८१०६४० | १४४०८९९ | ७९.५८ |
| सवारी साधन कर पटके | ० | ० | ०.०० |
| बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ५००० | २९९८ | ५९.९६ |
| बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ३००० | ९९१ | ३३.०३ |
| अन्य मनोरञ्जन कर | १०० | ० | ०.०० |
| एजेन्सी रजिष्ट्रेशन | ० | ० | ०.०० |
| समानीकरण अनुदान | ७६२२५०० | ५६४९०३५ | ७४.११ |
| सशर्त अनुदान चालु | २२१९३०० | २२१७९७५ | ९९.९४ |
| सशर्त अनुदान पूँजीगत | २७२२२०० | ९०००० | ३.३१ |
| विशेष अनुदान चालु | ९०००० | ० | ०.०० |
| विशेष अनुदान पूँजी | ६१०००० | ३०५००० | ५०.०० |
| समपुरक अनुदान चालु | ८४०००० | ० | ०.०० |
| समपुरक अनुदान पूँजी | ० | ४२०००० | ०.०० |
| अन्य निकायबाट प्राप्त ब्याज | ० | ० | ०.०० |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १०००० | १३९३५ | १३९.३५ |
| बाँडफाँट भई प्राप्त वन रोयल्टी | ६२४६५ | ४२६३४ | ६८.२५ |
| बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ८४४ | २१४७ | २५४.३८ |
| बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १० | ० | ०.०० |
| बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३२८३३९ | २७७९५० | ८४.६५ |
| बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | २१४५७४ | ७०६४६ | ३२.९२ |
| बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ९१५८ | २१३८५ | २३३.५१ |
| पर्यटन शुल्क | २०० | ९ | ४.५० |

| शिर्षक | वार्षिक लक्ष्य | वैशाख सम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| पदयात्रा | १००० | ३८२ | ३८.२० |
| कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | १००० | ५९७ | ५९.७० |
| सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | २६०० | १५७३ | ६०.५० |
| अन्य बिकीबाट प्राप्त रकम | ४००० | १२५ | ३.१३ |
| नहर तथा कुलो उपयोग बापतको शुल्क | ० | ० | ०.०० |
| विद्युत सेवा शुल्क | १० | ० | ०.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | १०००० | ० | ०.०० |
| शिक्षाक्षेत्रको आम्दानी | १३०० | ११३३ | ८७.१५ |
| परिक्षा शुल्क | ३५००० | ११५२९० | ३२९.४० |
| यातायात क्षेत्रको आम्दानी | १००००० | ५५६७१ | ५५.६७ |
| अन्य प्रशासनिक सेवाशुल्क | ५००००० | २६५६४५ | ५३.१३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८०००० | २५९८८ | ३२.४९ |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ६५०००० | ३७१८९१ | ५७.२१ |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०० | २१५ | ४३.०० |
| वन क्षेत्रको अन्य आय | २५०००० | १७१२१ | ६.८५ |
| न्यायिक दण्ड जरिवाना र जफत | २०० | ० | ०.०० |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ३०००० | ४८११९ | १६०.४० |
| धरौटी सदरस्याहा | ५००० | २२५ | ४.५० |
| अन्य राजस्व | २०००० | १९१०३ | ९५.५२ |
| बेरुजु | ८५८००० | १७१३५८ | १९.९७ |
| निकासा फिर्ता | १७२०० | १५२२७ | ८८.५३ |
| अनुदान फिर्ता | ७०००० | १९९२५ | २८.४६ |
| सवारी साधन कर | २०००००० | १७४०२६६ | ८७.०१ |
| गत बर्षको नगद मौज्दात | ३०००००० | २३३५३०२ | ७७.८४ |
| राजस्व बाँडफाँट (-) | -८००००० | -६९६१०६ | ८७.०१ |
| आन्तरिक ऋण | १७००००० | ० | ०.०० |
| नेपाल सरकारबाट प्राप्त हुने ऋण | ० | ० | - |
| **कुल जम्मा** | **३३४२७२००** | **२०१०६३८८** | **६०.१५** |

## ३.१.२. स्रोत व्यवस्थापनको तुलना

विगत पांच आर्थिक वर्ष र चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक स्रोत व्यवस्थापनको लक्ष्य र वैशाख महिनासम्मको तुलनात्मक विवरण निम्नानुसार छ। **(रु. हजारमा)**

| शीर्षक | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | वैशाख महिनासम्मको प्राप्ति | प्रतिशत |
| प्रदेश सरकारको आन्तरिक स्रोत | १४४९५०० | ३२५७५२ | २२.४७ | ३२७७५०० | १३६८८६० | ४१.७६ | ४६०८५६० | २०७२०३९ | ४४।९६ | ५०००००० | २४८९३६८ | ४९.७९ | ५०९१६०० | २४०४२५४ | ४७.२२ | ५१६९१८४ | २७४९१०७ | ५३.१८ |
| वित्तीय समानीकरण अनुदान | ६७७६७०० | ० | ० | ७११२२०० | ७११२२०० | १०० | ७११२६०० | ७११२६०० | १०० | ७४२२८०० | ७४२२८०० | १०० | ७९२७९०० | ६९३६९१२ | ८८ | ७६२२५०० | ५६४९०३५ | ७४.११ |
| सशर्त अनुदान | ६५०१९०० | ० | ० | ५३५१६०० | ६०२४०३३ | ११२.६ | ४२०८४०० | १९१०४६६ | ४५।४ | ४१८४३०० | २४७६८२२ | ५९.१९ | ६९१८३०० | २९४६७७८ | ४२.५९ | ४९४१५०० | २३०७९७५ | ४६.७१ |
| विशेष अनुदान | ३५५०००० | ० | ० | ७५०००० | ८६०००० | ११४.७ | ५४०००० | ३५९९९९ | ६६।६७ | ५४९००० | १८३००० | ३३.३३ | ८६०००० | ५५०००० | ६३.९५ | ७००००० | ३०५००० | ४३.५७ |
| समपूरक अनुदान | ७१४२०० | ० | ० | ७५०००० | १११९६०० | १४८.२ | १४९८९०० | ९९९२६६ | ६६।६७ | ८७३६०० | २९१२०० | ३३.३३ | ८३७००० | ४८०००० | ५७.३४ | ८४०००० | ४२०००० | ५०.०० |
| बाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ३२८८००३ | २५९६६१८ | ७८.९७ | ३८५२५०० | ३१४३६३१ | ८१.६ | ३७८६८०० | ४००११६४ | १०५।६६ | ५७२०२५० | ४५०२८९८ | ७८.७२ | ७३९१३६० | ३८६०२८२ | ५२ | ७२४२५६० | ४५५४९५५ | ६२.८९ |
| बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क | ३२८८००४ | ७८४१२५ | २३.८४ | ३८५२६०० | ९१६७११ | २३.७९ | ३७८६९०० | १११८९४३ | २९।५५ | १९०६७५० | १३५५२९२ | ७१.०८ | १८४७८४० | १२९३०७३ | ७० | १८१०६४० | १४४०८९९ | ७९.५८ |
| रोयल्टी | २५०००० | ० | ० | ४००००० | ० | ० | ३००००० | ३०६७५३ | १०२।२५ | ३००००० | २५१८८५ | ८३.९६ | ३२५००० | ३१८१८६ | ९८ | ४००८१६ | ३४४११५ | ८५.८५ |
| ऋण | ८००००० | ० | ० | १९८८३९२ | ० | ० | २०००००० | ० | ० | ० | ० | ० | २०००००० | ० | ० | १७००००० | - | - |
| नगद मौज्दात | ६००००० | ८२९९२५ | १३८.३२ | ४८००००० | ७१४३५६४ | १४८.८ | ७०००००० | ५८७५४१९ | ८३।९३ | २१००००० | २२०१५४० | १०४.८४ | २७१०००० | ३३४६०४७ | १२३.४७ | ३०००००० | २३३५३०२ | ७७.८४ |
| **जम्मा** | **२४०२३३०७** | **४५३६४२०** | **१८।८८** | **३२१३४७९२** | **२७६८०५९९** | **८६.१३** | **३४८४२१६०** | **२३७५६६४९** | **६८.१८** | **३००५६७००** | **२११७४८०५** | **७०.४५** | **३५९०९०००** | **२२१३५५३५** | **६१.६४** | **३३४२७२००** | **२०१०६३८८** | **६०.१५** |

## ३.२. नेपाल सरकारबाट हुने वित्तीय हस्तान्तरणको अवस्था

नेपाल सरकारबाट गण्डकी प्रदेशको लागि विभिन्न अनुदान शीर्षकहरूमा विनियोजन गरेको अनुदान रकमको विवरण निम्नानुसार रहेको छ।

**(रू. हजारमा)**

| क्र.सं. | अनुदान शीर्षक | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १ | समानीकरण अनुदान | ६७७६७०० | ७११२२०० | ७११२६०० | ७४२२८०० | ७९२७९०० | ७६२२५०० |
| २ | सशर्त अनुदान | ६५०१९०० | ५३५१६०० | ४२०८४०० | ४१८४३०० | ६९१८३०० | ४९४१५०० |
| ३ | विशेष अनुदान | ३५५००० | ७५०००० | ५४०००० | ५४९००० | ८६०००० | ७००००० |
| ४ | समपुरक अनुदान | ७१४२०० | ७५०००० | १४९८९०० | ८७३६०० | ८३७००० | ८४०००० |
| **जम्मा** | | **१४३४७८००** | **१३९६३८००** | **१३३५९९००** | **१३०२९७००** | **१६५४३२००** | **१४१०४०००** |

## ३.३. राजस्व छुटको अवस्था

प्रदेश भित्रका १५ वटा मालपोत कार्यालयहरूबाट आर्थिक वर्ष २०८०/०८१ को वैशाखसम्म १३ हजार १६९ जना व्यक्ति एवम् निकायले २२ करोड ७७ लाख १० हजार रुपैंयाँ राजस्व छुट प्राप्त गरेका छन्। विस्तृत विवरण निम्न तालिकामा देखाइएको छ।

**(रु. हजारमा)**

| विवरण | आर्थिक वर्ष २०७७/०७८ (वैशाखसम्म) | | आर्थिक वर्ष २०७८/०७९ (वैशाखसम्म) | | आर्थिक वर्ष २०७९/८० (वैशाखसम्म) | | आर्थिक वर्ष २०८०/८१ (वैशाखसम्म) | |
|---|---|---|---|---|---|---|---|---|
| | जना | रकम | जना | जना | जना | रकम | जना | रकम |
| महिला | २२८३४ | २७१९७३ | २७७९९ | १४०७८ | २३०७५६ | २३०७५६ | १३०८३ | २२१९८८ |
| एकल महिला | ३ | ३७ | ० | ५ | १५९ | १५९ | ५ | ८४ |
| दलित | ८०३ | ५०५२ | ७२४ | ४१६ | ३६३७ | ३६३७ | ३०३ | ३५५२ |
| ज्येष्ठ नागरिक | ४३ | २८५ | ८१ | ८० | १०५९ | १०५९ | ६९ | ११६४ |
| अपाङ्गता भएका व्यक्ति | २१ | १५० | २० | १३ | २३ | २३ | ९ | ११३ |
| नावालक | १५ | ४९ | २३ | १९ | २४१ | २४१ | २ | ७ |
| विद्यालय | ६२ | १३३४ | ४९ | १३ | ९७ | ९७ | १८ | २१७ |
| सरकारी निकाय | १०८ | ३२१४ | ५४ | १६२२ | ३४ | १३२० | १ | २७ |
| अन्य निकाय /संस्था | ७२ | ६७०९ | ३२ | ५७०० | ५ | १०६० | ९ | ७४ |
| कृषि फार्म | ६९ | १२९१५ | ७ | १७०१ | ० | ० | १ | ४८४ |
| जम्मा | २४०४२ | ३०१७७३ | २८७८९ | ३३९१५० | १४६६३ | २३८४८५ | १३५०० | २२७७११ |

# परिच्छेद ४
# मन्त्रालयगत प्रगति विवरण

## ४.१. गण्डकी प्रदेश सभा

प्रदेश सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था हो । नेपालको संविधानको धारा ५६ को उपधारा (१) मा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ र नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नेछन् भन्ने उल्लेख गरिएको छ । नेपालको संविधानको धारा १७५ मा प्रदेश व्यवस्थापिकाको व्यवस्था गरिएको छ । जस बमोजिम प्रदेश व्यवस्थापिका एक सदनात्मक हुने र यसको नाम प्रदेश सभा हुने भन्ने उल्लेख भएको छ । प्रदेश सभाको काम चुस्त दुरुस्त सम्पादन गर्नको लागि प्रदेश सभा सचिवालय रहने व्यवस्था छ ।

प्रदेश सभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर हुन आउने सदस्य संख्या कायम रहने व्यवस्था नेपालको संविधानको धारा १७६ उपधारा (१) (क) मा व्यवस्था गरिएको छ। नेपालको संविधान बमोजिम प्रदेश सभामा, गण्डकी प्रदेशमा जम्मा ६० जना माननीय सदस्य रहने व्यवस्था छ ।

प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ३६ जना र समानुपातिक निर्वाचित प्रणालीबाट २४ जना गरी जम्मा ६० जना प्रदेश सभा सदस्यहरु रहने व्यवस्था छ ।

### ४.१.१. प्रदेश सभाको जिम्मेवारी र भूमिका

प्रदेश सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने विधायिकी संस्था हो।प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानून बनाउनु, वार्षिक कार्यक्रम तथा बजेट पारित गर्नु, प्रदेश सरकारको काम कारवाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकार विषय प्रदेश सभा छलफल गर्नु हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानून निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्य विधिका माध्यमबाट यसले सुनिश्चित गर्दछ। जनताका प्रतिनिधिको स्वीकृति विना कुनै कर नलगाइने भन्ने सिद्धान्त बमोजिम जनताद्वारा प्रत्यक्ष रुपमा निर्वाचित भई आएका प्रतिनिधिहरु रहेको प्रदेश सभामा कर सम्बन्धि कानून प्रस्तुत गर्ने संवैधानिक व्यवस्था गरिएको छ ।

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेश सभाले देहाय बमोजिमका कानून बनाउन भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

- प्रदेश सरकारी कामकाजको भाषा निर्धारण सम्बन्धी कानून,
- नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो राजश्वबाट मातहत स्थानीय निकायलाई वित्तिय सामान्यीकरण अनुदान दिने सम्बन्धी कानून,
- स्थानीयस्तरमा न्यायिक निकाय स्थापना सम्बन्धी कानून,
- मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी कानून,
- प्रदेश प्रमुख र प्रदेश सरकारको नाममा हुने निर्णय वा आदेश सम्बन्धी अधिकार पत्रको प्रमाणीकरण सम्बन्धी कानून,
- मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक एवम् सुविधा र शपथ सम्बन्धी कानून,
- प्रदेश सरकारको कार्य विभाजन र कार्य सम्पादन नियमावली (संविधान बमोजिम प्रदेश सरकारले बनाउने) ,
- प्रदेश सभाको कार्यकाल थप सम्बन्धी कानून,
- प्रदेश सभाको विशेषाधिकार सम्बन्धी कानून,
- प्रदेश सभाको नियमावली,
- प्रदेश सभा सचिवालय, सचिव र कर्मचारीको सेवा शर्त सम्बन्धी कानून,
- प्रदेश सभाको सभामुख, उपसभामुख र सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी कानून,
- प्रदेश आकस्मिक कोष ऐन,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी कानून,
- जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी कानून,
- गाउं सभा र नगर सभाको कानून बनाउने प्रक्रिया सम्बन्धी कानून,
- गाउं सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था सम्बन्धी कानून,
- अर्को प्रदेशको वासिन्दालाई आफ्नो प्रदेशमा दिने समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी कानून,
- स्थानीय तह र प्रदेश वीच तथा गाउपालिका र नगरपालिका वीच उत्पन्न राजनीतिक विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी कानून,
- प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी कानून,
- प्रदेश प्रहरी संगठन सम्बन्धी कानून,
- प्रदेश सरकारी सेवाको गठन र सञ्चालन सम्बन्धी कानून ।

### ४.१.२.	आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका महत्वपूर्ण कार्यहरुः

- २ वटा कानून निर्माण भएका,
- विभिन्न संसदीय समितिमार्फत संसदीय निगरानी गरी प्रदेश सरकारलाई जवाफदेही बनाउने प्रयास गरिएको,
- महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनहरु सार्वजनिक लेखा समितिमा विस्तृत छलफल गरी बेरुजु न्यूनिकरणको लागि निर्देशन दिइएको ।

### ४.१.३.	बजेट कार्यान्वयनका समस्या र चुनौती

- दरवन्दी बमोजिम दक्ष प्राविधिक कर्मचारीको अभाव रहेको,
- विशिष्ट व्यक्तिहरु सहभागी हुने कार्यक्रम संचालन गर्दा प्रदेश खर्चको मापदण्ड,२०७९, बमोजिम संचालन गर्न कठिनाई परेको ।

**तालिका ५ आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :**

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १४८०६१ | ९७८३६ | ६६.०८ |
| २. | पूँजिगत खर्च तर्फ | ९१७० | ७३२५ | ७९.८८ |
| | **जम्मा** | **१५७२३१** | **१०५१६१** | **६६.८८** |

**तालिका ६ आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरण::**

| क्र.सं. | विवरण | बार्षिक वजेट | खर्च | प्रगति % |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १४९९०३ | १००४०५ | ६६.९८ |
| २. | पूँजिगत खर्च तर्फ | १२५०० | ३६२३ | २८.९८ |
| | **जम्मा** | **१५७२३१** | **१०५१६१** | **६६.८८** |

## ४.२. प्रदेश लोक सेवा आयोग

नेपालको संविधानले परिकल्पना गरेको संघीयताको मर्म अनुसार संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र उक्त आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश सभाले बनाएको गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार मिति २०७७/१२/११ गते आयोग गठन भई कार्य प्रारम्भ गरेको हो ।

### ४.२.१. जिम्मेवारी र भूमिका

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले निर्दिष्ट गरेका कानूनी ब्यवस्था अन्तरगत रही लोक सेवा आयोगका असल अभ्यासहरु अनुशरण गर्दै गण्डकी प्रदेश लोक सेवा आयोग, नियमावली, २०८०, गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी यस आयोगको रहेको छ ।

### ४.२.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- **दक्ष विज्ञको सूची तयारी र अध्यावधिकरण**

  आयोगको कार्यसम्पादनको सिलसिलामा विभिन्न क्षेत्रका १२७५ जना दक्ष/विशेषज्ञको विवरण अद्यावधिक गरी सूची तयार गरिएको छ ।

- **पाठ्यक्रम निर्माण तथा परिमार्जन**

  गण्डकी प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा २० मा भएको ब्यवस्था बमोजिम आयोगले तोकेको आयोगको सदस्यको संयोजकत्वमा रहने पाठ्यक्रम समितिले दक्ष/विशेषज्ञ समेतको सहयोगमा तोकिएको प्रक्रिया अवलम्वन गरी विभिन्न तह, सेवा र समूहका १०४ पाठ्यक्रम निर्माण तथा परिमार्जन गरेको छ ।

❖ **वार्षिक कार्यतालिका**

आयोगले पदपूर्ति सम्बन्धी कार्यलाई योजनावद्ध र अनुमानयोग्य बनाउन प्रत्येक वर्ष वार्षिक कार्यतालिका प्रकाशन गरी सो अनुसार कार्य सम्पादन गर्दै आएको छ। चालु आर्थिक वर्षको श्रावण १ गते प्रकाशित गरी माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, दरखास्त संकलन एवं स्वीकृति, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र अन्तरवार्ता तथा सिफारिस कार्यतालिका बमोजिम गर्दै आएको छ।

❖ **माग संकलन**

चालु आ.व. २०८०-८१ को बैशाख मसान्तसम्म प्रदेश र स्थानीय तहबाट विभिन्न सेवा/समूहका चौंथो तह देखि नवौं तहसम्मका रिक्त पदमा कुल १९९४ पदसंख्याको माग संकलन गरिएको छ।

❖ **प्रतिशत निर्धारण र विज्ञापन प्रकाशन**

चालू आ.व. मा प्रदेश र स्थानीय तहको ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रतिशत निर्धारण गरी एकीकृत रुपमा खुला तर्फ १४९२ र बढुवा तर्फ ४९४ गरी कुल १९८६ पदसंख्याको विज्ञापन प्रकाशन गरिएको छ।

❖ **दरखास्त संकलन तथा स्वीकृति**

चालु आ.व. मा प्रकाशित भएका चौंथो तह देखि नवौं तहसम्मका विभिन्न सेवा/समूहका पदहरुमा एक लाख २७ हजार सात सय एक आवेदन प्राप्त भएकोमा एक हजार तीन सय ४९ आवेदन रित नपुगी आएकोले अस्वीकृत गरी एक लाख २६ हजार तीन सय ५२ आवेदन स्वीकृत हुन आएको छ ।

❖ **लिखित परीक्षा सञ्चालन तथा व्यवस्थापन**

**कच्चा पश्न निर्माण**

आ.व. २०८०-८१ को बैशाख मसान्तसम्म लिखित परीक्षा संचालनको लागि चौंथो तह देखि नवौं तहसम्म विभिन्न दक्ष/विशेषज्ञबाट कुल १०३७ सेट प्रश्नपत्र निर्माण तथा संकलन गरिएको।

**जनशक्ति परिचालन**

आयोगबाट ७१९ वटा परीक्षा केन्द्र र सोको लागि आवश्यक १७,९७५ कार्यदिन बराबरको जनशक्ति व्यवस्थापन भएको छ।

**लिखित परीक्षा सञ्चालन**

आ.व. २०८०-८१ को बैशाख मसान्तसम्म चौंथो तह देखि नवौं तहसम्मका पदको प्रथम चरण र द्वितीय चरणको परीक्षा गरी कुल ७१९ वटा परीक्षा केन्द्रमा १२६३५२ जना उम्मेदवारको प्रथम र द्वितीय चरणको लिखित परीक्षा सञ्चालन गरिएको छ।

- **उत्तरपुस्तिका परीक्षण र नतिजा तयारी**

**उत्तरपुस्तिका परीक्षण**

आ.व. २०७९/८० मा परिक्षा सम्पन्न भई नतिजा प्रकाशनको क्रममा रहेका उत्तरपुस्तिका समेत गरी यस आ.व. २०८०/८१ को बैशाख मसान्तसम्ममा वस्तुगत बहुबैकल्पिक उत्तरपुस्तिका (OMR) र विषयगत उत्तरपुस्तिकाहरु गरी ९१ हजार ३९१ उत्तरपुस्तिका परीक्षण गरिएको छ।

**नतिजा तयारी**

आ.व. २०७९/८० मा परिक्षा सम्पन्न भइ नतिजा प्रकाशनको क्रममा रहेका नतिजा समेत गरी यस आ.व. २०८०/८१ को बैशाख मसान्तसम्ममा प्रथम चरणको नतिजा २२ वटा र अन्तिम लिखित परीक्षाको नतिजा ३७ गरी ५९ पदको लिखित नतिजा तयारी गरिएको छ।

- **लिखित परीक्षा नतिजा प्रकाशन**

गत आ.व. मा विज्ञापन प्रकाशन भएका २ र चालु आ.व.मा प्रकाशन भएका ७४ गरी कुल ७६ वटा नवौं तह देखि तेस्रो तहसम्मका विभिन्न सेवा/समूहका विज्ञापित पदहरु मध्ये नवौं तह देखि सातौं तहसम्मका ३८ वटा पदहरुको लिखित परीक्षाको नतिजा प्रकाशन गरी अन्तरवार्ताको लागि उम्मेदवार छनोट गरिएको छ भने सातौं, पाँचौं र चौंथो तहका २२ वटा पदहरुको प्रथम चरणको लिखित नतिजा प्रकाशन गरिएको छ। विज्ञापित पदहरुको लिखित नतिजा प्रकाशन भई सामूहिक परीक्षण र अन्तरवार्ताका लागि छनोट भएका छन्।

**इन वास्केट अभ्यास**

पाठ्यक्रममा व्यवस्था भए बमोजिम अधिकृत नवौं तह अप्राविधिक पदको इन वास्केट अभ्यास परीक्षा सञ्चालन तथा ब्यवस्थापन (विधि र मापदण्ड) सम्बन्धी कार्यविधि,२०८० निर्माण गरी प्रदेश प्रशासन सेवा तथा स्थानीय प्रशासन सेवाको अधिकृत नवौ तह, उपसचिव पदका उम्मेदवारहरु इन वास्केट अभ्यासमा सहभागी गराइएको थियो।

**सामूहिक छलफल**

चालु आ.व. मा प्रकाशित विज्ञापन बमोजिम प्रदेश तथा स्थानीय सेवाका सातौं र आठौं तहका पदमा २२३ जना उम्मेदवारहरुको सामूहिक परीक्षण सम्पन्न गरिएको छ।

**प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस**

**प्रश्नपत्र** परिमार्जन **(मोडरेशन)**: चालु आ.व. को बैशाख मसान्तसम्म कुल नवौं तह देखि चौंथो तहसम्म ४९२ सेट प्रश्नपत्र परिमार्जन गरिएको छ।

**अन्तरवार्ताः** गत आ.व. र चालु आ.व. मा विज्ञापन भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका तेस्रो तह देखि नवौ तह सम्मका विभिन्न पदहरुका लागि लिखित परीक्षाबाट छनोट भएका ४१९ जना अन्तरवार्तामा सहभागी भएका थिए।

**सिफारिसः** यस आ.व.मा प्रदेश तथा स्थानीय तहमा कुल २६५ जना उम्मेदवार सिफारिस गरिएको छ।

❖ **कानून निर्माण तथा संशोधनः**

- गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली २०८०
- गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका २०८०
- अधिकृत नवौं तह अप्राविधिक पदको इन वास्केट अभ्यास परीक्षा सञ्चालन तथा ब्यवस्थापन (विधि र मापदण्ड) सम्बन्धी कार्यविधि, २०८०

**परामर्श**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम विभिन्न विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेकोमा चालू आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी विषयमा २ वटा र विभागीय सजायका लागि १ गरी जम्मा ३ वटा विषयमा परामर्श प्रदान गरिएको छ।

**प्रतिरक्षा र पैरवी**

आयोगलाई विपक्षी बनाई विभिन्न अदालतहरुमा दायर भएका रिट निवेदन उपर आयोगको तर्फबाट मुख्यन्यायाधिवक्ताको कार्यालय मार्फत वहस, पैरवी र प्रतिरक्षा गर्रिँदै आएको छ।

**बढुवा उजुरी उपर निर्णय**

आयोगबाट प्रदेश तथा स्थानीय तहका विभिन्न पदमा भएको विज्ञापन बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिस उपर चित्त नबुझ्ने उम्मेद्वारबाट बढुवा सिफारिसको निर्णय उपर आयोगमा उजुरी गर्न सक्ने व्यवस्था भए बमोजिम आ.व. २०८०/०८१ को बैशाख मसान्तसम्म ५ वटा उजुरी परी उजुरी उपर आयोगबाट निर्णय भएको छ।

**वार्षिक प्रतिवेदन पेश**

आयोगले आफुले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले सामान्यतया ६० दिन भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश गर्ने व्यवस्था अनुसार आयोगले सुझाव सहितको प्रथम, दोश्रो र तेस्रो वार्षिक प्रतिवेदन पेश गरेको छ ।

❖ **विविध कार्यहरु**

- २०८० फागुन २२ गते कर्णाली प्रदेश लोक सेवा आयोगको संयोजनमा प्रदेश लोक सेवा आयोगहरुको तेस्रो सम्मेलनमा आयोगको सहभागिता,
- २०८० फागुन २३ र २४ गते सुर्खेतमा सम्पन्न भएको लोकसेवा आयोगहरुको चौथो सम्मेलनमा आयोगको सहभागिता,
- सार्वजनिक सेवाप्रति आकर्षण गर्न प्रदेश स्थित सरकारी तथा सामुदायिक क्यामपसहरुमा अभिमुखीकरण,
- प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्बन्धी विषयमा स्थानीय तहका पदाधिकारी र प्रदेशका जिल्लास्तरका कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया,
- परीक्षालाई अनुशासित, व्यवस्थित र मर्यादित बनाउन परीक्षामा संलग्न हुने केन्द्राध्यक्ष, समन्वयकर्ता लगायतका जनशक्तिहरुलाई अभिमुखीकरण,
- सिफारिस गरिएका उम्मेदवारहरुलाई पदीय जिम्मेवारी र आचरणका विषयमा अभिमुखीकरण,
- प्रदेश तथा स्थानीय तहका कार्यालयहरुमा अनुगमन र निरीक्षण,
- बढुवा समितिमा आयोगको तर्फबाट प्रतिनिधित्व भएको छ ।

### ४.२.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १११७५४ | ८८४६९ | ७९.१६ |
| २. | पूँजिगत खर्च तर्फ | ११४०० | ८६९ | ७.६२ |
| | **जम्मा** | **१२३१५४** | **८९३३८** | **७२.५४** |

### ४.२.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १११७५४ | ८८४६९ | ७९.१६ |
| २. | पूँजिगत खर्च तर्फ | ११४०० | ८६९ | ७.६२ |
| | **जम्मा** | **१२३१५४** | **८९३३८** | **७२.५४** |

### ४.२.५. कार्यसम्पादनका सिलसिलामा महसुस गरिएका समस्याहरु

- संघीय निजामती सेवा ऐन जारी नभएको  हालको अवस्थामा संघवाट कर्मचारी सरुवा भै रहँदा रिक्त पदको यकिन र पदपूर्तिमा अन्यौल,
- आयोगवाट सिफारिस भई नियुक्ति लिएका कर्मचारीहरुलाई सिटरोल दर्ता नहुदैको अवस्थामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट अन्य स्थानीय तह र प्रदेशमा सरुवा/ कामकाजमा खटाइएको,
- सवै लोक सेवा आयोगवाट समान तहको पदमा उम्मेदवार हुन नपाउने व्यवस्था कार्यान्वयन नहुँदा आयोगको साधन, श्रोत र समय खेर गएको,
- लोक सेवा आयोग/ प्रदेश लोक सेवा आयोगवाट सिफारिस भइ वहाल रहेका कर्मचारीहरु उम्मेदवार हुँदा उमेर हदको विषय,
- लोक सेवा आयोग/ प्रदेश लोक सेवा आयोगहरुको वार्षिक कार्यतालिकामा तादात्म्यता हुन नसक्दा आयोगहरुको कार्यभार अनावश्यक रुपमा बढ्ने गरेको,
- आफ्नै जग्गा तथा भवन नहुँदा सहज कार्यसम्पादनमा प्रभाव ।

### ४.२.६. भावी योजना तथा कार्यक्रम

- सूचना प्रविधिको सुदृढीकरण र उपयोग,
- कर्मचारीको क्षमता अभिवृद्धि,
- निरीक्षण तथा अनुगमनमा सक्रियता,
- पाठ्यक्रम र परीक्षण विधि, परीक्षा प्रणालीमा सुधार,
- अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यमा जोड,
- परीक्षामा संलग्न हुने जनशक्तिको अभिमुखीकरण,
- उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुसँग सार्वजनिक सेवाप्रति जागरण अभिवृद्धि,
- रणनीतिक योजना कार्यान्वयन,
- भौतिक पूर्वाधार विकास (जग्गा र भवनको व्यवस्थापन समेत) र सुदृढीकरण,
- प्रदेश लोक सेवा आयोगहरुको संगठनमा एकरुपता हुने गरी संगठन तथा ब्यवस्थापन सर्वेक्षण, र लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुबीच असल अभ्यास आदान-प्रदान

## ४.३. मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको सँविधानले अँगिकार गरेको सङ्घीयता कार्यान्वयन अन्तर्गत स्थापना भएका तीन तहका सरकाहरु मध्ये प्रदेश सरकारको कानूनी सल्लाहकारको रुपमा वि. स. २०७४ सालमा यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयले गण्डकी प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुमा प्रदेश सरकाको तर्फबाट वहस पैरवी तथा लिखित जवाफ सम्बन्धित अदालतमा दर्ता गर्दै आईरहेको छ । सो कार्यका लागि मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट एक जना मुख्य न्यायाधिवक्ता नियुक्ती गर्ने कानूनी व्यवस्था रहेको र निजको मातहतमा नेपाल सरकार तथा प्रदेश सरकारका तोकिए बमोजिमका कर्मचारीहरु रहने व्यवस्था रहेको छ । हाल यस कार्यालयमा स्वीकृत दरवन्दीमा १३ जना र पदाधिकारी सुविधा अन्तर्गत ३ जना गरी १६ जना कर्मचारीहरु र पदाधिकारीहरु कार्यरत रहेको अवस्था छ । यसको कार्यक्षेत्र सम्बन्धित विभिन्न अदालतहरु रहेका छन् ।

### ४.३.१. जिम्मेवारी र भूमिका

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको सँविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल सँवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा

प्रदेशको सन्दर्भमा सार्वजानिक महत्व वा सार्वजानिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने ।

- प्रदेश सरकारको अधिकारको क्षेत्रमा अन्य कुनै निकायबाट हस्तक्षेप भएमा मुद्दा दायरको लागि फिराद तयार गर्ने
- प्रदेश कानून निर्माणको क्रममा पेश भएका ड्राफ्टहरु उपर कानूनी राय दिने

## ४.३.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादान गरिएका महत्वपूर्ण कार्यहरु

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको सँविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल सँवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजानिक महत्व वा सार्वजानिक सरोकारको मुद्दामा प्रदेश सरकाको तर्फबाट विभिन्न मितिमा विभिन्न मुद्दाहरुको सन्दर्भमा सम्मानित सर्वोच्च अदालत, प्रशासकीय अदालत, पाटन उच्च अदालत, बाग्लुङ उच्च अदालत, जिल्ला अदालतहरु नवलपरासी व, सु, पू, लमजुङ, कास्कीमा बहस, पैरवी र लिखित जवाफ पेश गरेको
- प्रदेश खाद्य अधिकार तथा सँप्रभुता विधेयक २०८०, गण्डकी प्रदेश गाँजा खेती नियमन तथा व्यवस्थापन ऐन २०८०, प्रदेश सम्पदा सँरक्षण विधेयक २०८०, प्रदेश भवन तथा बस्ती विकास विधेयक २०८०, घरेलु मदिरा उत्पादन, बिक्री, वितरण तथा सेवन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश खानी तथा अन्वेषण र व्यवस्थापन विधेयक २०८०, आदि ९ वटा विधेयकको ड्राफ्ट तयार गरिएको
- मनाङ, मुस्ताङ, तनहूँ र स्याङजा जिल्लाका कारागार, प्रहरी हिरासत तथा बालसुधार गृहहरुको निरीक्षण तथा सो को प्रतिवेदन तयार गरेको
- पर्वत जिल्लामा जिल्ला अदालत, जिल्ला प्रहरी, जिल्ला सरकारी वकिल, कारागार तथा बारका पदाधिकारीहरुसँग समन्यात्मक छलफल, अन्तरक्रिया गरेको
- विभिन्न मन्त्रालयका कानून अधिकृत तथा मुख्यन्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको ।

## ४.३.३. समस्या र चुनौती

- कार्यालयको आफ्नै भवन नभएको, हाल भएको भवनको कम्पाउण्ड साँघुरो हुँदा सहज सेवा प्रवाहमा कठिनाई भएको ।
- सधैं न्यून बार्षिक बजेट विनियोजन हुँदा अपेक्षा गरिएका कार्यक्रम सञ्चालन हुन नसकेका

- यस कार्यालयसँग सम्बन्धित र विगत बर्षहरुमा सञ्चालन भएको कार्यक्रम जस्तै- स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुलाई दिईने न्यायसम्पादन सम्बन्धी तालिम गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नदीपुरबाट सञ्चालन हुँदै आएको जसले गर्दा यस कार्यालयको कार्यक्षेत्र साँघुरो भएको
- विभिन्न सार्वजानिक निकायबाट पेश गर्नु पर्ने लिखित जवाफ म्याद नाघी पेश हुने तथा कतिपय अवस्थामा अन्तिम दिन पारेर पेश हुने हुँदा कार्यालयले सो लिखित जवाफ बारे अध्यन गर्न समय नपाउने तथा तोकिएको ढाँचामा पेश नभएका लिखित जवाफमा सच्चाउने/ सुधार गर्ने समय समेत नहुने अवस्था रहेको । साथै लिखित जवाफसँग सम्बन्धित कागजात/ प्रमाण पेश हुने नगरेको ।

### ४.३.४. समाधान

- सेवाग्राहीमैत्री भवन हुनु पर्ने
- कार्यालय सहज किसिमले सञ्चालन हुने गरी बार्षिक बजेट विनियोजन हुनु पर्ने
- विगतमा यस कार्यालयबाट सञ्चालन भएका र यस कार्यालयसँग सम्बन्धित हुने खालका कार्यक्रमहरु यस कार्यालयलाई प्रदान गर्नु पर्ने
- यस कार्यालयले अध्यन गर्न समय उपलब्ध हुने गरी सार्वजानिक निकायले समयमै लिखित जवाफ र सो सँग सम्बन्धित कागजात / प्रमाण पेश गर्नु पर्ने

## ४.४. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश सरकारको सर्वोच्च प्रशासनिक निकायको रुपमा रहेको छ। प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा यस कार्यालयमा रहेको छ। प्रदेश सरकारको कार्य जिम्मेवारीमा रहेका सार्वजनिक नीति तर्जूमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य यस कार्यालयले गर्दछ । यसैगरी प्रदेश सरकारको नीति निर्धारण गर्ने, कार्यान्वयन गर्ने गराउने, प्रदेश संचालन सम्बन्धी दीर्घकालीन सोच निर्धारण गर्ने र तदनुरूप राष्ट्रिय लक्ष्यसंग तादाम्यता कायम हुने गरी प्रादेशिक लक्ष्य तय गरी सोको प्राप्तिका लागि योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यको नेतृत्व यस कार्यालयले गर्दछ।

### ४.४.१. जिम्मेवारी र भूमिकाः

यस कार्यालयले प्रदेश सरकारको कार्य सम्पादनलाई जनमुखी, पारदर्शी, लोकतान्त्रिक, लोकहितकारी बनाई प्रदेशको आर्थिक, सामाजिक र समग्र मानवीय समुन्नतिलाई दिशानिर्देश गर्न गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले प्रमुख रुपमा देहायका जिम्मेवारी निर्दिष्ट गरेको छ:

- प्रशासन संयन्त्रलाइ विश्वशनीय, परिणाममुखी, जनउत्तरदायी, र सक्षम बनाउने,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नातिजामुलक बनाउने,
- सार्वजनिक सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान,संरक्षण र प्रवर्धन गर्ने,
- मन्त्रालय तथा निकायहरुको रेखदेख, नियन्त्रण तथा निरीक्षण गर्ने,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउने,
- प्रदेश मन्त्रालयको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने,
- संघीय सरकारको स्विकृती बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता, वा सहमति कार्यान्वयन गर्ने ।

### ४.४.२. चालु आर्थिक वर्ष २०८०/०८१ को वैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः-

- मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत चयन भएका १७ स्थानीय तहहरुसँग सम्झौता भई कार्यक्रम कार्यान्वयनमा रहेको,
- प्रदेशका जिल्लास्थित कार्यालयहरुको सेवा प्रवाहको सार्वजनिक सुनुवाई कार्यक्रम ११ वटै जिल्लामा सम्पन्न भएको,

- प्रदेश मन्त्रालयहरुमा GESI अडिट संचालन कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ वटा निकायहरुमा GESI अडिट सम्पन्न भई प्रतिवेदन तयारीको अवस्थामा रहेको,
- वित्तीय जोखिम मुल्यांकन सम्बन्धमा प्रदेश सरकारका मन्त्रालयहरुबाट प्राप्त भएको आ.व. ०७९/०८०को वित्तिय जोखिम मुल्यांकन उपर पृष्ठपोषणको कार्य भई रहेको,
- मन्त्रालय र मातहतका निकायका कर्मचारीहरुका लागि गण्डकी प्रदेश अनुगमन प्रणालीको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको,
- प्रदेश सरकारका महत्वपूर्ण योजनाहरुको सघन अनुगमन कार्यक्रम अन्तर्गत गोरखा, लमजुङ, तनहूँ, मुस्ताङ, म्याग्दी र नवलपरासी (ब.सु.पू.)गरी ६ जिल्लामा सघन अनुगमन कार्यक्रम सम्पन्न भएको,
- प्रदेश क्षमता विकास योजना निर्माण गर्ने कार्यक्रमका लागि Center For Economic Development Administrator, Kathmandu (CEDA) सँग सम्झौता भई कार्यान्वयन भईरहेको
- प्रशासन सुधार तथा सुझाव कार्यदल गठन भई प्रतिवेदन प्राप्तीको चरणमा रहेको,
- मानवअधिकार पाँचौं राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समितिको वैठक र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको,
- प्रदेश सरकारलाई आवश्यक ऐन, कानून तथा कार्यविधि तर्जुमा/परिमार्जन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश र स्थानीय तहको ऐन/नियमावली संशोधनका लागि कार्यदल गठन गरि कार्य अगाडि बढाईएको,
- गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता(पहिलो संशोधन) ऐन, २०८०, जीवनाशक विषादी सम्बन्धी विधेयक, २०८० र गण्डकी प्रदेश सडक विधेयक, २०८० प्रदेश सभामा पेश भएको,
- प्रदेश अन्तर्गतका ११ जिल्लाका ४९ स्थानीय तहमा स्वयंसेवक परिचालन गरिएको,
- २०८० मंसिर ६ गते प्रदेश समन्वय परिषदको वैठक सम्पन्न भई १३ बुँदे निर्णय भएको,
- स्थानीय तहको लागि नमुना कानून निर्माणमा सहयोग कार्यक्रम अन्तर्गत सहजिकरण समिति गठन गरी स्थानीय तहबाट माग संकलन भएको,
- स्थानीय तहको न्यायिक सहजकर्ता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको,
- एकिकृत पर्यटन सुचना केन्द्रको सञ्चालन कार्यविधिको मस्यौदा तयार भएको,
- निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत बाग्लुङ र तनहुँ जिल्लाका विपद् प्रभावित लाभग्राहीका लागि आर्थिक सहायता उपलब्ध गराइएको,
- प्रदेश नमूना कार्यालयको छनोट कार्यक्रम सम्पन्न भएको,
- कडा रोग लागेका २०५ जना व्यक्तिलाई आर्थिक सहायता प्रदान गरिएको,
- तनहुँ, लमजुङ, पर्वत, नवलपरासी(ब.सु.पू.)  र मनाङ जिल्लाका विद्यालयहरुमा समुदाय तथा विद्यालयमा आधारित कानूनी सचेतना कार्यक्रम सम्पन्न भएको,

- नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका कुल ५० जना सुरक्षाकर्मीहरुलाई Fire Fighting तालिम प्रदान गरिएको छ।
- बजेट कार्यान्वयनका  समस्या, चुनौति तथा समाधानका उपायहरु

## ४.४.३. समस्या तथा चुनौति

- सशर्त अनुदान अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को वार्षिक बजेटमा विनियोजन भएको बजेट विषयगत मन्त्रालयलाई अख्तियारी समयमै प्रदान गर्न नसक्नु,
- विनियोजन ऐन मार्फत विनियोजन भएका कार्यक्रमहरुमा संघीय कार्यालयहरुको सहमति र स्वीकृती लिनुपर्दा कार्यान्वयन समयावधि बढी लाग्ने गरेको,
- केन्द्रबाट हस्तान्तरण भई आएका पदहरुको पदनाम, सेवा समूह, श्रेणी आदी फरक परेकोले प्रदेश किताबखानामा दर्ता गर्न कठिनाई भएको,
- कार्यविधिहरु समयमै संशोधन हुन नसकेकोले विनियोजित बजेट कार्यान्वयनमा ढिलासुस्ती हुने गरेको ।

## ४.४.४. समाधानका उपाय

- अख्तियारीको विषय तहगत र विषयगत रुपमा स्पष्ट हुनुपर्ने,
- संघीय कार्यालयहरुसँगको स्वीकृती र सहमतिको लागि नीतिगत व्यवस्था नहुँदासम्म संघीय कार्यालयहरुलाई बजेट विनियोजन नगर्ने,
- पदनाम, सेवा समूह र  श्रेणी संघीय पदनाम अनुसार प्रदेश किताबखानामा मिलान गर्ने
- समयमै अख्तियारी प्राप्त हुनुपर्ने,
- शसर्त तर्फको अनुदानमा स्पष्टता हुनुपर्ने,
- क्षेत्रगत मन्त्रालयमै बजेट तथा कार्यक्रम राखुपर्ने,
- अख्तियारी र कार्य विभाजन/कार्य विवरणमा  स्पष्टता हुनुपर्ने।

### ४.४.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र यथार्थ खर्चको विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १५०८९ | ११००३ | ७२.९२ |
| २. | पूँजिगत खर्च तर्फ | १००० | ४९४ | ४९.४ |
| | **जम्मा** | **१६०८९** | **११४९७** | **७१.४६** |

### ४.४.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १४१४० | १०८१६ | ७६.४९ |
| २. | पूँजिगत खर्च तर्फ | २००० | १९१ | ९.५७ |
| | **जम्मा** | **१६१४०** | **११००७** | **६८.२०** |

## ४.५. आर्थिक मामिला मन्त्रालय

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना मिति २०७४ साल माघ २८ गते भई कार्यारम्भ गरेको हो । यस मन्त्रालय प्रदेशको अर्थतन्त्रलाइ सबल र समुन्नत तुल्याउने, आन्तरिक राजश्व परिचालनबाट नै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने, उपलब्ध स्रोत साधनको कुशल विनियोजन र दक्षतापूर्ण परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक वृद्धि हासिल गर्ने दिशामा परिलक्षित कार्यसम्पादन गर्दछ ।

### ४.५.१. जिम्मेवारी र भूमिका

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा,कार्यान्वयन र नियमन, प्रदेश्स्तार्को आर्थिक श्रोतको बांडफाट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथ् प्रदेश राजश्व सम्बन्धि नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला मन्त्रालयमा रहेको छ ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धि नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सर्वाजनिक खर्च व्यवस्थापन तथा प्रदेश्स्तरिय अर्थ योजना, बजेट, वित्तीय संस्थाहरु संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यका लागि  यो मन्त्रालय जिम्मेवार रहेको छ ।

## ४.५.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका कार्यहरु

- विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८० सम्प्रेषण गरिएको,
- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन,
- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को एकीकृत वित्तीय विवरण प्रकाशन गरिएको,
- आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मुल्याङ्कन कार्यक्रम अन्तर्गत वार्षिक  कार्यक्रम सम्पन्न गरिएको,
- अन्तर प्रदेश छलफल र अन्तरक्रियाका लागि भ्रमण कार्यक्रम अन्तर्गत ७ वटै  प्रदेशमा अन्तर प्रदेश छलफल र अन्तरक्रिया सम्पन्न,
- अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी आयोजना, राजश्व संकलन गर्ने कार्यालय र प्रदेशका महत्वपूर्ण आयोजना सम्बन्धमा वालिङ, लम्जुङ्ग, तनहुँ, गोरखा, बाग्लुङ्ग, पर्वत र स्याङ्गजा जिल्लाका आयोजनाहरुको अनुगमन गरिएको,
- आन्तरिक लेखा परीक्षण निर्देशिका, २०८० तयार,
- मालपोत/भूमिसुधार कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्वन्धी मापदण्ड,२०८० स्वीकृत भई कार्यान्वयनमा आएको,
- राजश्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान, क्षेत्र विस्तार एवं सार्वजनिक वित्त र वित्तीय संघीयताका विषयमा स्थानीय तहसँग छलफल अन्तरकृया र अभिमुखीकरण सम्पन्न गरिएको,
- प्रदेश सरकारको आन्तरिक राजश्व संकलन सम्बन्धमा स्थानीय तह, विषयगत मन्त्रालय र निकायसँग कार्ययोजना माग गरी पठाइएको,
- राजस्व संकलन गर्ने मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय र पर्यटन तथा उद्योग कार्यालयसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

- अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदानतर्फ तेस्रो किस्ता र सशर्त, विशेष एवम् समपुरक अनुदानतर्फ पहिलो किस्ताको रकम निकासा भएको ।
- आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वित्तीय हस्तान्तरण अन्तर्गत विशेष तथा समपुरक आयोजनाको लागि ८५ वटै स्थानीय तहबाट प्रस्ताव संकलन गरिएको

### ४.५.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र यथार्थ खर्चको विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १०९१९६ | ८२२३४ | ७५.३१ |
| २. | पूँजिगत खर्च तर्फ | ९९२६ | ७९६९ | ८०.२८ |
| | **जम्मा** | **११९१२२** | **९०२०३** | **७५.७२** |

### ४.५.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ वैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १४२८७८ | ५२६८८ | ३६.८८ |
| २. | पूँजिगत खर्च तर्फ | ८७०० | १७०१ | १९.५६ |
| | **जम्मा** | **१५१५७८** | **५४३८९** | **३५.८८** |

### ४.५.५. मुख्य समस्या र चुनौतीहरु

- मन्त्रालयमा दरबन्दी अनुसारका तथा वित्तीय व्यवस्थापन सम्बन्धी जनशक्तिको अभाव रहनु,
- बजेट निर्माण सम्बन्धी कार्यतालिका समयसारिणीको पालना नहुनु र पर्याप्त छलफल नै नहुनु,
- न्यून स्रोत हुनु तर ठुला र महत्वाकांक्षी बजेटको आकंक्षा हुनु,
- गत विगत वर्षको दायित्व अस्वभाविक हुनु,

- नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान अनुमानयोग्य नहुनु,
- गैर बजेटरी शीर्षकहरुमा समेत बजेट माग र सिफारिस हुनु,
- बजेट सीमाका सम्बन्धमा विषयगत मन्त्रालयहरुलाई अभिमुखीकरण नहुँदा बुझाईमा एकरुपता नहुनु,
- जिल्ला र कार्यालयस्तरबाट प्रस्तावित आयोजना तथा कार्यक्रम छनोट नहुँदा बजेटमा त्रुटि हुन गई कार्यक्रम कार्यान्वयनमा जटिलता हुनु र कार्यक्रम संशोधन र रकमान्तरमा समय लाग्नु ।

### ४.५.६. समाधानका उपाय

- बजेट तर्जुमा तथा कार्यान्वयन निर्देशिका, २०८० को अक्षरस: पालना गर्ने,
- राजश्व तथा प्रदेशको आन्तरिक स्रोत बढाउन र दायरा अभिवृद्धिमा विशेष प्राथमिकता दिने,
- बजेट तर्जुमाका प्रत्येक चरण पूरा गरी बजेट प्रस्ताव गर्ने,
- बजेट सीमालाई वस्तुपरक र वास्तविक स्रोतमा आधारित बनाउने,
- सभाबाट पास भएको बजेट तथा वार्षिक विकास कार्यक्रमभन्दा बाहिर गएर गैर बजेटरी योजना प्रस्ताव एवम् कार्यान्वयन नगर्ने,
- बजेट निर्माणका बखत अबण्डा बजेट र भैपरी बजेट राख्ने कार्यलाई अन्त्य गर्ने,
- प्रदेश गौरब तथा रुपान्तरणकारी आयोजनालाई मात्र बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गर्नुपर्ने,
- बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम गर्ने,
- प्रशासनिक खर्चमा मितव्ययीता एवं प्रभावकारिता ल्याउने गरी बजेट प्रस्ताव गर्ने ।

## ४.६. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

गण्डकी प्रदेश भित्रको शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण, श्रम रोजगार, युवा तथा खेलकुद र स्वास्थ्यका क्षेत्रमा कार्य गर्न यस मन्त्रालयको स्थापना २०७४ माघ २८ गते भएको हो । मन्त्रालय आफ्नो कार्यक्षेत्र भित्रका विषयमा नीति निर्माण, योजना निर्माण तथा कार्यान्वयन, कानून, कार्यविधि तथा मापदण्ड निर्माण, अनुमति प्रदान, नियमन, तथ्यांक संकलन, अध्ययन ,अनुसन्धान, परीक्षण, अनुगमन तथा मूल्यांकन जस्ता महत्वपूर्ण कार्य सम्पादनको नेतृत्वदायी निकाय हो ।

### ४.६.१. जिम्मेवारी तथा भूमिका

- शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँचको सुनिश्चितता,
- विज्ञान र प्रविधिको विकास र समुचित प्रयोग,
- सबै भाषा धर्म र संस्कृति बीच एकताको वातावरण निर्माण,
- बालबालिका तथा किशोरकिशोरी मैत्री समाजको निर्माण,
- संरक्षणसहितको सम्मानित जीवनको सिर्जना,
- अपाङ्ग व्यक्तिहरुको आत्मनिर्भर र मर्यादित जीवन,
- मानव बेचबिखन तथा ओसारपसारमुक्त सभ्य र मर्यादित समाज ।
- लैङ्गिक समतामूलक गण्डकी प्रदेशको सपना साकार ।
- दिगो तथा प्रभावकारी सामाजिक सुरक्षा प्रणाली ।
- सामाजिक संस्थामा सुशासनजवाफदेहिता र प्रभावकारिता ।
- दक्ष जनशक्ति विकास र रोजगारी सिर्जना ।
- युवा जनशक्तिको विकास ।
- व्यावसायिक र प्रविधिमैत्री खेलकुदको विकास ।
- गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने,
- स्वास्थ्य सेवामा सबै बर्ग र क्षेत्रका जनताको सहज पहुँच स्थापित गर्ने,

## ४.६.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

❖ **निर्देशिका निर्माण**

- अगुवा(लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८०
- लोक सेवा तयारी कक्षा संचालन निर्देशिका, २०८०

❖ **कार्यविधि तथा मापदण्ड निर्माण**

- महिला वालवालिका र समाजकल्याण मापदण्ड, २०८०
- छोटो अवधिको नयाँ तालिमहरुको पहिचान तथा पाठ्यक्रम निर्माण सम्वन्धी मापदण्ड ,२०८०
- छोटो तथा लामो अवधिको व्यावसायिक तथा सिप मूलक तालिम संचालन सम्वन्धी मापदण्ड, २०८०
- व्यावसायिक तालिमहरुको प्रभाव अध्ययन र तथ्याङ्क संकलन सम्वन्धी मापदण्ड, २०८०
- व्यावसायिकरणका लागि भगत सर्वजित सिप विकास कार्यक्रम संचालन मापदण्ड, २०८०
- श्रमिक तथा वैदेशिकरोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम सम्वन्धी मापदण्ड, २०८०
- युवा तथा खेलकुद सम्बन्धि बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०

❖ **सम्पादन गरिएका अन्य महत्वपूर्ण कार्यहरु**

- विद्यालय शैक्षिक गुणस्तर बृद्धि र स्तरीकरण सूचक विकासका लागि प्राविधिक समितिवाट मसौदा सूचक विकास भएको
- बालबालिका नियमावलीको मस्यौदा तयार भएको
- विभिन्न जिल्लाका ७ वटा महिला सहकारी संस्थाका १६ जना महिलालाई सम्मान तथा पुरस्कृत गरी महिला सशाक्तिकरणमा टेवा पुर्याइएको।
- बाल अधिकार संरक्षणका लागि बालबालिकाहरुको प्रतिभा प्रष्फुटन कार्यक्रम संचालन गरी ३० जना बालबालिकालाई पुरस्कृत गरिएको ।
- स्थानीय तहको साझेदारीमा शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालनका लागि कार्यविधि स्वीकृत भएको ।
- शिक्षकहरुलाई नेपाल स्काउट सम्बन्धी बि टि सि तालिम तथा प्रशिक्षण प्रदान गरिएको ,
- 65 जना प्रदेश विकास स्वयंसेवकहरुको अभिमूखीकरण, प्रशिक्षण र परिचालन गरिएको ,

### ४.६.३. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १५०९९९७ | ११६०९८४ | ७६.८९ |
| २. | पूँजिगत खर्च तर्फ | १३२४४८६ | ११०९९३५ | ८३.८ |
| | **जम्मा** | **२८३४४८३** | **२२७०९१९** | **८०.१२** |

### ४.६.४. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ४०७०४०८ | १७८९३४४ | ४३.९६ |
| २. | पूँजिगत खर्च तर्फ | ९८६७४८ | ३१७५९१ | ३२.१९ |
| | **जम्मा** | **५०५७१५६** | **२१०६९३५** | **४१.६६** |

### ४.६.५. कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरू

- कर्मचारीहरुको निरन्तर सरुवा हुनु तर पदपूर्ति नहुनु,
- मन्त्रालय र मातहतका कार्यालयमा सिभिल इन्जिनियरिंग सेवाका कर्मचारी नहुँदा योजना कार्यान्वयनमा कठिनाई भएको
- प्रज्ञा प्रतिष्ठान,बहुसांस्कृतिक ग्राम, अन्तर्राष्ट्रिय खेल मैदान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, जस्ता योजनालाई जग्गा प्राप्त नहुनु
- पर्याप्त समन्वय नहुनु

### ४.६.६. समाधानका लागि गरिएका प्रयासहरू

- सीमित कर्मचारीहरुबाट अतिरिक्त समय काम गर्ने गरी कार्य सम्पादन गर्ने गरिएको,
- सामाजिक विकास कार्यालय र स्थानीय तहका शिक्षा शाखामा कार्यरत कर्मचारीहरुबाट कार्यक्रमहरुको अनुगमन गर्ने व्यवस्था मिलाइएको,
- स्थानीय तह र अन्य कार्यालयहरुसँग समन्वय गरी प्राविधिक सेवा लिने गरिएको,
- जग्गा प्राप्तिका लागि निरन्तर प्रयास गरिएको ।

## ४.७. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय(स्वास्थ्य तर्फ)

### ४.७.१. आर्थिक वर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- अस्पताल/प्रयोगशालाबाट नियमित स्वास्थ्य सेवा प्रवाह निरन्तरताको लागि **१७० जना जनशक्तिको अस्थायी दरवन्दी** स्वीकृत गरी जनशक्तिको व्यवस्थापन गरिएको,
- जनस्वास्थ्य सेवा ऐन निर्माणको लागि गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार गरिएको,
- **क्यान्सर रोगीको उपचारमा एक लाख आर्थिक सहायता कार्यक्रम** (भरतपुर क्यान्सर अस्पताल, पाटन र भक्तपुर अस्पताल) अन्तर्गत हालसम्म **२८५** जनाले सेवा लिएका,
- गर्भवति तथा सुत्केरी महिलाको जटिलता व्यवस्थापनका लागि सुविधा सम्पन्न अस्पतालमा **Air Lifting सेवा (हाल सम्म ६५ जनाले** सेवा लिएको),
- **अस्पतालहरुमा डायलाइसिस** सेवा विस्तार गर्नका लागि ८ जना मेडिकल अफिसर, ३१ जना स्टाफ नर्स, ४ जना बायोमेडिकल टेक्नीसियन र १२ जना कार्यालय सहयोगीको व्यवस्था गरिएको,
- प्रदेश मातहतका अस्पतालहरुमा १० वर्ष भन्दा मुनि र ६० वर्ष भन्दा माथिका व्यक्तिहरुलाई **प्रयोगशाला परिक्षण र OPD टिकट निशुल्क** गरिएको,
- गण्डकी प्रदेशमा **रगत तथा रगतजन्य पदार्थको** निशुल्क वितरण भइरहेको,
- संक्रामक तथा सरुवा रोग अस्पतालमा **२५ शैयाको डायलायसिस सेवा** सञ्चालनार्थ ४८ जना जनशक्तिको अस्थायी दरवन्दी स्वीकृत भएको,
- नेपाल सरकारबाट स्वीकृत ३६५ शैया र अस्पतालहरुको आन्तरिक स्रोतबाट **३७० शैया सञ्चालन समेत कुल ७३५ शैया मध्ये ३८५ शैया निशुल्क** गरिएको,
- आकस्मिक सेवालाई व्यवस्थित गर्न जनशक्ति सहित **निशुल्क १०२ हटलाइन** नम्बर [Ambulance Dispatch Centre] २४ घण्टा सञ्चालन गरिएको,
- धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङमा **क्षारसुत्र र अकुपञ्चर सेवा** सुरुवात गरिएको,
- प्रदेशभर महामारी निगरानीको लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) सञ्चालन गरिएको,
- बेनी, पर्वत,लमजुङ,स्याङ्जा,दमौली, ,गोरखा, र मध्यविन्दु अस्पतालमा हरेक दिन **बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म बहिरंग** (OPD) सेवा शुरूवात भएको,

- गण्डकी प्रदेशका ६० वटा स्थानीय तहहरुमा Family Heath Profile र **५०५ स्वास्थ्य संस्थामा** e-HMIS विस्तार गरिएको,
- प्रदेश सरकार मातहतका अस्पतालहरुमा EMR **विस्तार गरिएको साथै आयुर्वेदको** AHMIS शुरुवात गरिएको,
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट **विहान ८:०० बजे देखि प्रयोगशाला परिक्षण सेवा** शुरुवात गरिएको,
- अस्पतालहरुमा डायलायसिस सेवा विस्तार गर्न **३४ वटा डायलायसिस मेसिन** थप गरिएको,
- शहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाईते, "ख" वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवा लिने मृगौला पिडित व्यक्तिका परिवारका सदस्यहरुको **स्वास्थ्य वीमा** गरिएको,
- ११ वटै जिल्लामा **दादुरा रुबेला खोप अभियान** सञ्चालन गरिएको,
- गण्डकी प्रदेश अन्तर्गतका विभिन्न १८ वटा विद्यालयहरुमा **विद्यालय नर्स** कार्यक्रम सञ्चालन गरिएको,
- गण्डकी प्रदेश सरकार मातहतका **अस्पतालहरूको स्तरोन्नति** गर्नको लागि आवश्यक अध्ययन गरी प्रतिवेदन तयार गरिएको,
- संक्रामक तथा सरुवा रोग अस्पताल, मध्यविन्दु जिल्ला अस्पताल, मुस्ताङ अस्पताल र मनाङ **अस्पतालको भवन निर्माण** भइरहेको,
- गण्डकी प्रदेश **स्वास्थ्य तालिम रणनीति** गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको,
- प्रकोप पूर्व आवश्यक तयारी तथा रेफरल प्रणाली सुदृढीकरणका लागि **हब तथा स्याटेलाइट अस्पतालको** समन्वय गरिएको,
- **स्थानिय तहहरुमा अन्तर्क्रिया तथा पैरवी** कार्यक्रम सञ्चालन गरिएको,
- **गोरखा अस्पतालमा आयुर्वेद सेवा** समेत सुचारु गरिएको,
- अस्पतालका प्रमुख, आर्थिक प्रशासन तथा सम्बन्धित शाखा प्रमुखहरुका लागि नेतृत्व विकास, जिन्सी व्यवस्थापन एवं खरिद **बेरुजु फर्छ्यौट कार्यशाला** सम्पन्न गरिएको ।

### ४.७.२. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | २३२८०८१ | १६३३५४९ | ७०.१७ |
| २. | पूँजिगत खर्च तर्फ | ५४६७७५ | ३३६१९४ | ६१.४९ |
| | **जम्मा** | **२८७४८५६** | **१९६९७४३** | **६८.५२** |

## ४.८. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

ऐतिहासिक प्रदेश सभाको २०७४ मंसिर २१ गते सम्पन्न भएको निर्वाचन पश्चात २०७४ साल माघ २८ गते प्रदेश स्तरीय पूर्वाधार सम्बन्धि नीति निर्माण, योजना तर्जुमा, भौतिक पूर्वाधारको विकास निर्माण र अनुगमन गर्ने उद्देश्यका साथ भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो । प्रदेश लोकमार्ग तथा यातायात, प्रदेश स्तरका कार्यालयहरुको भौतिक व्यवस्था र निर्माण, संचालन, मर्मत संभार लगायतका विषयसंग सम्बन्धित आवश्यक नीति, कानुन, गुरुयोजना, योजना, मापदण्ड तयारी गर्ने कार्य यस मन्त्रालयले गर्दछ ।

### ४.८.१. जिम्मेवारी र भूमिका

- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, संचालन र व्यवस्थापन गर्ने।
- प्रदेश लोकमार्ग सम्बन्धि नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण स्तरोन्नती, मर्मत संभार, तथ्यांक व्यवस्थापन, सडक प्रविधि सम्बन्धि अध्ययन अनुसन्धान, यातायात सुरक्षा कार्यान्वयन र नियमन गर्ने।
- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धि नीति कानुन मापदण्ड र योजना तर्जूमा, कार्यान्वयन र नियमन गर्ने।
- प्रदेशभित्रको शहरी बिकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण संचालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धि योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन गर्ने।
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन गर्ने।
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन गर्ने।

- प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास योजना तर्जुमा, कार्यान्वयन संयोजन र पुर्वाधार निर्माण गर्ने।
- सुरक्षित बसोवास र जग्गा एकिकरण सम्बन्धि नीति तर्जुमा र कार्यान्वयन गर्ने।

### ४.८.२. आर्थिक बर्ष २०८०/८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०,क्रियाकलापमा विनियोजित एकमुष्ठ बजेट बाँडफाँड सम्बन्धि मापदण्ड, २०८०, गण्डकी प्रदेशको सार्वजनिक विद्युतीय सवारी साधन सञ्चालन सम्बन्धि मापदण्ड, २०८०, सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धि मापदण्ड, २०८० स्वीकृत भएका
- ११९.१० कि.मि. कालोपत्रे सडक, ४३.३५ कि.मि. सडक ग्राभेल, १२ वटा सडक पुल र ६ वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएका
- पूर्वाधार विकास निर्देशनालय र कार्यालयहरुबाट सञ्चालनमा रहेका आयोजनाहरुको गुणस्तर मापनको नियमित रुपमा स्थलगत निरीक्षण, अनुगमन, प्रतिवेदन तयारी, समिक्षा, गोष्ठी सम्पन्न भएका
- निर्माण व्यवसायीहरुबाट Quality Assurance Plan पेश गर्न लगाई सोहि बमोजिम प्राविधिक परीक्षण गरिएको
- यातायात व्यवस्था कार्यालय बागलुङबाट चारपाङ्ग्रे सवारीको License परीक्षा सञ्चालनमा आएको
- यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र, कास्कीमा नयाँ तथा पुरानो License सवारी साधन नविकरणको दस्तुर online payment बाट हुने व्यवस्था भएको
- चालु आ.ब.को बैशाख मसान्तसम्म रु १,८५,४८,३२,००० राजस्व संकलन गरिएको

### ४.८.३. मुख्य समस्या र चुनौतीहरु:

- वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा संरक्षित क्षेत्रमा पूर्व सहमती लिनुपर्ने व्यवस्थाले कार्यान्वयनमा ढिलाई।
- पूर्वाधार निर्माणको लागि रुख कटान स्वीकृति लिने प्रकियामा संघीय सरकारबाट धेरै समय लाग्ने हुँदा योजनाहरुको कार्यान्वयन समयमा हुन नसकेको ।
- बहुवर्षीय आयोजनाका रूपमा संचालन गर्न छनोट भएका योजनाहरुको समयमा श्रोत सुनिश्चितता सम्बन्धि निर्णय नहुँदा खरिद कार्यमा ढिलाई हुने गरेको।
- दरबन्दी वमोजिम प्राविधिक जनशक्तिको न्यूनताले कार्यान्वयन तालिकामा असर पर्ने गरेको, समयमा नै सेवा प्रवाहमा समस्या हुने गरेको।

- योजना कार्यान्वयन गर्ने क्रममा जग्गा सम्बन्धि विवाद हुने गरेको, प्रदेश स्तरका आयोजना कार्यान्वयनको लागि जग्गा प्राप्ति सम्बन्धि कानूनी व्यवस्था नभएको।
- आयोजना अनुगमनका लागि सवारी साधनको कमी हुँदा प्रभावकारी अनुगमन गर्न कठिनाई हुने गरेको।

### ४.८.४. मन्त्रालयको आगामी कार्यदिशा

- License को छपाई प्रदेशबाट गरिने।
- Bluebook Renew online माध्यमबाट हुने प्रबन्ध मिलाइने।
- सबै किसिमका सवारीको  जाँचपास अनिवार्य गरिने।
- करारमा प्राविधिक कर्मचारी व्यवस्था गरी कार्य संचालन गरिने।
- वातावरणीय अध्ययन प्रतिवेदन तयारीलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिने।
- मन्त्रालय मातहतका कार्यालयहरुबाट आयोजनाहरुको छिटो र छरितो रुपमा प्रगति विवरण पेश गर्ने व्यवस्था  मिलाउने।

### ४.८.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ३९७२३१ | २८२९५३ | ७१.२३ |
| २. | पूँजिगत खर्च तर्फ | १३६०५९८२ | ७८१६४८३ | ५७.४५ |
| | **जम्मा** | **१४००३२१३** | **८०९९४३६** | **५७.८४** |

### ४.८.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाख सम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ४२०३०३ | २३०१७६ | ५४.७६ |
| २. | पूँजिगत खर्च तर्फ | १२०८९९२४ | ४१८३८६१ | ३४.६१ |
| | **जम्मा** | **१२५१०२२७** | **४४१४०३७** | **३५.२८** |

## ४.९. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (उद्योग तथा पर्यटन तर्फ)

गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत् प्रदेशको समृद्धि र विकास गर्ने मुख्य अभिभारा सहित मिति २०७४/१०/२२ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय स्थापना भएको हो । नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा व्यवस्था भए वमोजिम प्रदेशको एकल र साझा अधिकार सूचीमा पर्ने उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य, विज्ञान प्रविधि, वन तथा वातावरणसँग सम्बन्धित विषयमा मन्त्रालयले कार्य सम्पादन गर्दछ। नेपाल सरकार र स्थानीय तह बीच समन्वय र सहकार्य गर्दै प्रदेश समृद्धिका लागि औद्योगिकरणमा जोड दिने, पर्यटन क्षेत्रको विकास र विस्तार गरी नयाँ नयाँ रोजगारीको अवसर सृजना गर्ने, वनको दिगो व्यवस्थापन तथा तालतलैया र एकीकृत जलाधार व्यवस्थापन गरी वातावरण संरक्षणमा जोड दिनु, दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति व्यवस्थापन लगायतका कार्यहरु मन्त्रालयले गर्दै आएको छ।

### ४.९.१. जिम्मेवारी र भुमिकाः

यस मन्त्रालयको कार्य जिम्मेवारी मुख्यतः पर्यटन, उद्योग, वाणिज्य, आपूर्ति, खनिज सम्वन्धि विषयहरु हुन ।यस मन्त्रालयले उल्लेखित विषयहरुसँग सम्वन्धित ऐन, कानून निर्माण, पर्यटन, उद्योग तथा वाणिज्य प्रशासन, बजार अनुगमन तथा उपभोक्ता सचेतना, सिण्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण, उद्योग तथा पर्यटन प्रवर्द्धन तथा पर्यटन पूर्वाधार निर्माण, स्थानीय कला संस्कृति जगेर्ना गर्ने प्रकृतिका मेला महोत्सवमा समन्वय लगायतका भूमिका निर्वाह गर्दछ ।

### ४.९.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका कार्यहरु

- गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० जारी गरिएको,
- गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८ को पहिलो संसोधन मस्यौदा तयार गरिएको
- गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्नका लागि सैद्धान्तिक सहमति प्राप्त भएको
- गण्डकी प्रदेशमा उत्पादित घरेलु मदिराको नियमन तथा व्यवस्थापन गर्न आवश्यक विधेयक तर्जुमाको सैद्धान्तिक सहमति लिईएको
- गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको

- "एक प्रदेश निर्वाचन क्षेत्र एक नमुना होमस्टे" कार्यक्रम अन्तरगत ३३ वटा सामुदायिक होमस्टेहरुमा पूर्वाधार निर्माण कार्य भैरहेको ।
- प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापनाका लागि नवलपुरको लोकाहाखोला र तनहुँ तथा कास्कीको पुँडीटारक्षेत्रको वातावरणीय अध्ययन कार्य अन्तिम चरणमा पुगेको ।
- चालु आ.व.को बैशाख मसान्तसम्म रू.३८,१७,७२९-/ राजश्व संकलन गरिएको ।
- ६७० जनालाई सीप विकास तालिम तथा १७५ जनालाई प्रविधि हस्तान्तरण गरिएको,
- १९६७ वटा नयाँ उद्योग र २४६३ वटा नयाँ वाणिज्य फर्म दर्ता भएका ।
- उद्योग र वाणिज्य प्रशासन सम्वन्धि कार्यको सेवाग्राहीलाई कार्यसम्पन्नताको जानकारी गराउन मोवाईलमा SMS मार्फत स्वचालित रुपमा सूचित गर्ने गरिएको ।
- बस्तु र सेवाको गुणस्तरीयता कायम गर्न निर्देशनालय तथा जिल्लास्थित कार्यालयहरुबाट नियमित बजार अनुगमन कार्यक्रम अन्तरगत १७९ पटक अनुगमन गरी नियम उल्लङ्घन गर्ने व्यवसायीहरुलाई सचेत, निर्देशन तथा जरिवाना समेत गरिएको ।
- उद्योगी तथा पर्यटन व्यवसायीसँग उद्योग तथा पर्यटन क्षेत्रको सुधारका लागि अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको ।
- प्रदेशभित्रका विभिन्न विद्यालयमा उपभोक्ता शिक्षा सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धि सेवालाई पूर्णतः अनलाईन माध्यमबाट प्रवाह गर्नका लागि उद्योग तथा वाणिज्य फर्महरुको विवरण डिजिटाईज्ड गरिएको ।
- आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षण गर्न धवलागिरी चक्रिय पदमार्ग, माछापुच्छ्रे चक्रिय पदमार्ग, राइनासकोट - लिगकोट पदमार्ग, मिलेनियम ट्रेक, राउण्ड फेवा भ्यु फेवा पदमार्ग, बागलुङ्ग चक्रिय धुरी पदमार्ग निर्माण कार्यको शुरुवात गरिएको ।
- पर्यटकहरुको आकर्षणका लागि प्रदेशका विभिन्न पर्यटकीय गन्तव्यहरुमा पर्यटकीय पूर्वाधार निर्माणमा निरन्तरता दिईएको ।
- ग्रामिण पर्यटन विकासका लागि प्रदेश गौरव आयोजनाको रुपमा रहेको घरबास (HomeStay) कार्यक्रमलाई प्राथमिकता दिई पूर्वाधार विकास तथा क्षमता अभिबृद्दी सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिएको ।
- गण्डकी प्रदेश सरकारको पहलमा मुस्ताङ्ग जिल्लामा रहेको कोराला नाका सञ्चालनमा ल्याईएको

- पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारका लागि पर्यटन व्यवसायीहरुसँग लागत साझेदारीमा बागलुङ्ग, नवलपुर, म्याग्दी लगायतका स्थानहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको ।
- म्याग्दीको टोड्के देखि धवलागिरी आधार शिविरसम्म जाने पदमार्गको पहिचान तथा प्रचार प्रसार गरिएको ।
- प्रदेशको पर्यटनलाई अन्तराष्ट्रियस्तरमा प्रचार प्रसार गर्नका लागि विश्व पर्यटन दिवशको उपलक्ष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका सञ्चार माध्ययमका प्रतिनिधीहरुलाई पोखरामा आमन्त्रण गरी प्रचार प्रसार गरिएको ।
- नेपाल सरकारबाट घोषणा भएका तनहुँको आँबुखैरेनी, स्याङ्गजाको अर्जुनचौपारी, पर्वतको विहादी, नवलपुरको हुप्सेकोट र बागलुङ्गको काठेखोलामा उद्योगग्राम सञ्चालनका लागि पूर्वाधार निर्माणमा सहयोग गरिएको ।
- साना उद्यमीहरुलाई उद्योगको स्तरोन्नतीका लागि लागत साझेदारीमा विभिन्न प्रविधीहरु उपलब्ध गराईएको ।

### ४.९.३. मुख्य समस्या र चुनौतिहरु

- प्रदेशको आर्थिक सम्बृद्धीको मुख्य आधार रहेको पर्यटन तथा उद्योग क्षेत्रमा न्युन बजेट विनियोजन हुँदा अपेक्षित उपलब्धि हासिल गर्न नसकिनु,
- प्रदेशमा रहेका प्राकृतिक, साँस्कृतिक तथा साहसिक पर्यटकीय स्थलहरुको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचार प्रसारको अभाव,
- प्रदेशमा रहेका पर्यटकीय उपजहरुलाई अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाउन नसकिनु,
- प्रदेश औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक जग्गा प्राप्त हुन नसक्दा पूर्वाधार निर्माणको कार्य शुरु गर्न नसकिनु,
- एक स्थानीय तह एक उद्योगग्रामको जग्गा प्राप्तिको समस्या तथा पूर्वाधार निर्माण कार्यमा स्थानीय तहले न्यून प्राथमिकता दिंदा उद्योगग्राम सञ्चालन हुन नसक्नु,
- निर्यातयोग्य, मझौला तथा ठुला उद्योगहरु स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षण गर्न नसकिनु,
- प्रदेशको एकिकृत तथ्याङ्कीय प्रणालीको विकास हुन नसक्नु,

- मन्त्रालय अन्तर्गतका निकायहरुमा स्वीकृत दरवन्दीमा पदपूर्ति हुन नसक्दा दैनिक कार्य संचालन प्रभावित हुनु,
- जिल्लास्थित ४ वटा कार्यालयहरुको आफ्नै भवन नहुनु,
- उद्योग तथा वाणिज्य क्षेत्रको कार्यक्षेत्रगत दोहोरोपनाको कारण कार्यसम्पादनमा कठिनाई हुनु

भावी कार्य दिसा

- प्रदेश गौरवका आयोजना लोकाहाखोला औद्योगिक क्षेत्र र प्रदेश रुपान्तरणकारी आयोजना पुँडीटार औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गरी औद्योगिकिकरणको कार्य अघि बढाउने।
- एक स्थानीय तह एक उद्योगग्राम कार्यक्रम अन्तरगत उद्योगग्रामहरुमा पूर्वाधार निर्माण सम्पन्न गरी शीघ्र सञ्चालनमा ल्याउने ।
- निर्यातमुलक, स्थानीय स्रोत र सीपमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने ।
- प्रविधिमा आधारित प्रणालीको विकास गरी मोवाईल एप्स मार्फत पर्यटन, उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी सेवा प्रवाह हुने व्यवस्था गर्ने ।
- बजार अनुगमन प्रकृयालाई सघन बनाई उपभोक्ता हित संरक्षण गर्ने ।
- धौवादी फलामखानी कम्पनीमा प्रदेश सरकारले लगानी गर्ने ।
- प्रमुख पर्यटकीय स्थलहरुको डिजिटल सामाग्री तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बजारीकरण गर्दै पर्यटन प्रवर्दन गर्ने ।
- प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिने ।
- प्रदेश गौरवको आयोजनाको रुपमा रहेको घरबास (होमस्टे) लाई ग्रामिण पर्यटन र स्थानीय रोजगारीसंग जोडीने गरी कार्यक्रम अगाडी बढाउने ।
- होमस्टेको गण्डकी प्रदेशको मानक तयार गरी होमस्टेहरुको क्षमता अभिबृद्दी गर्ने ।
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित तर्जुमा गर्न बाँकी रहेका नीति,ऐन,नियमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

### ४.९.४. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १८३२०७.३९२ | १३२१६३ | ७२.१४ |
| २. | पूँजिगत खर्च तर्फ | ४१८०९० | ३४८३०४ | ८३.३१ |
| | **जम्मा** | **६०१२९७.३९२** | **४८०४६७** | **७९.९१** |

### ४.९.५. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ७९७२३५ | ४०७९९७ | ५१.१८ |
| २. | पूँजिगत खर्च तर्फ | ८०७६३३ | २७७८८७ | ३४.४१ |
| | **जम्मा** | **१६०४८६८** | **६८५८८४** | **४२.७४** |

## ४.१०. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन तथा वातावरणतर्फ)

गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत् प्रदेशको समृद्धि र विकास गर्ने जिम्मेवार यस मन्त्रालयसँग सम्बन्धित ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापनाको अलावा यस मन्त्रालय मातहत वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ११ वटा डिभिजन वन कार्यालय र २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन् । यस मन्त्रालयको पछिल्लो स्वीकृत सांगठनिक संरचना अनुसार प्रशासन महाशाखा, योजना तथा अनुगमन महाशाखा, वन संरक्षण तथा व्यवस्थापन महाशाखा र जलाधार व्यवस्थापन महाशाखा गरी ४ वटा महाशाखा र ती महाशाखाहरु अन्तर्गत ९ वटा शाखाहरुमा गरी कुल ३४ जना कर्मचारीहरु कार्यरत छन्। मन्त्रालय र मातहतका निर्देशनालय, केन्द्र र कार्यालयमा गरी कुल जम्मा ६६१ जना कर्मचारीको दरबन्दी रहेको छ ।

### ४.१०.१. मन्त्रालयको जिम्मेवारी र भूमिका

वनको दिगो व्यवस्थापन तथा तालतलैया र एकीकृत जलाधार व्यवस्थापन गरी वातावरण संरक्षणमा जोड दिनु, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेती योग्य भूमिको संरक्षण तथा

उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण लगायत वातावरणीय स्वच्छता कायम राख्दै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुऱ्याउने जिम्मा यस मन्त्रालयमा रहेको छ । यसका अतिरिक्त वन वातावरण क्षेत्रमा जैविक विविधता, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन जस्ता अन्तर्राष्ट्रिय मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने ,सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्ने भूमिका रहेको छ ।

### ४.१०.२. **आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः**

- गण्डकी प्रदेश वन ऐन, २०८० जारी भएको तथा वन नियमावलीको मस्यौदा तयार गरिएको
- **९८ वटा गल्छी पहिरोको उपचार गरिएको**
- **५५ वटा खोला किनार संरक्षण कार्यक्रम सम्पन्न भएको**
- **१० वटा सिंचाई कूलो निर्माण तथा मर्मत कार्य गरिएको**
- **३,८४,७६७ वटा डालेघाँसका विरुवा वितरण**
- **७३,८६० श्रमदिन रोजगारी सिर्जना भएको**
- **वन पैदावार बिक्री वितरणबाट वन उपभोक्ता समूहलाई रु. ८,१४,३०,००० आम्दानी भएको**

### ४.१०.३. **मुख्य समस्या एवं चुनौती**

- स्वीकृत वार्षिक कार्यक्रमको न्यून भौतिक एवं वित्तीय प्रगति
- भौतिक पूर्वाधार पुराना र जीर्ण रहेका
- फिल्डमा खटिने कर्मचारीका लागि दुइपाङ्ग्रे सवारी साधनको अपर्याप्तता
- विषयगत ऐन, नियम, कार्यविधि, मापदण्डको अभाव
- निजी वन र आवादिको वन पैदावार ओसार प्रसारमा पर्याप्त सहजिकरण हुन नसकेको।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय र ताल संरक्षण तथा विकास प्राधिकरणको सेवा प्रवाहमा देखिएको कठिनाइ
- वन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण
- वन ऐन २०७६ को व्यवस्था बमोजिम डिभिजनल वन अधिकृत नेपाल सरकारले खटाउने लगायतका विषयहरू

- राष्ट्रिय वनको सीमा निर्धारण, सिमसार क्षेत्रको व्यवस्थापनमा रहेको दोहोरोपना
- सशस्त्र वन रक्षक सेवाको गठन
- अन्तरतह समन्वय
- राष्ट्रिय प्रकृति संरक्षण कोष(NTNC) मार्फत भइरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) र मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) को संरक्षण र व्यवस्थापन
- संघीय सरकारबाट खारेज भएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि अनुसार कार्य योजना तयार भएका सामुदायिक वन, साझेदारी वन र चक्ला वनको व्यवस्थापनमा देखिएको द्विविधा
- वन ऐन अनुसार प्रदेशमा समायोजन भएका डिभिजनल वन अधिकृतको अर्धन्यायिक भूमिका
- वन क्षेत्रको जग्गाको भोगाधिकारको विषय र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाबाट सट्टामा प्राप्त जग्गा व्यवस्थापनमा कठिनाइ
- वन वातावरण क्षेत्रका कार्यक्रममा(कोर) संघीय सशर्त कार्यक्रम र बजेट अनुदान प्राप्त नभएको
- प्रदेश गौरवका आयोजनाहरुको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा उपलब्धतामा देखिएको कठिनाई
- बढदो मानव वन्यजन्तु द्वन्दको न्यूनिकरण एवं व्यवस्थापन
- नेपाल सरकारले फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरेको सन्दर्भ र सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन सम्बन्धमा प्रदेश सरकार र मातहत निकायहरुको भूमिका के हुने भन्ने द्विविधा रहेको ।
- समग्र वन क्षेत्रको सुदृढीकरणका लागि स्रोत साधनको अभाव रहेको
- वन क्षेत्रमा रहेका खानी र ढुंगा गिट्टी बालुवाको व्यवस्थापन
- बाढी, पहिरो, भू—क्षय, वन डढेलो लगायतका जलवायुजन्य प्रकोप न्यूनिकरण र पुनर्स्थापनाका लागि प्रदेशको प्राथमिकता र बजेट न्यून रहेको ।

### ४.१०.४. समाधानका उपाय

- मौजुदा स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी कार्यदक्षता अभिवृद्धि गर्ने
- बजेट व्यवस्थापन गरी आवश्यक नयाँ संरचना बनाउने ।
- समयानुकूल भएका ऐन नियमको संशोधन तथा नयाँको निर्माण
- स्थानीय तह सँगको सहकार्यमा कानून तथा संरचनात्मक सुधार गर्ने ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत दरबन्दी पुनरावलोकन र सेवा विस्तार गर्ने

- प्रचलित कानून बमोजिम वन क्षेत्रको जग्गा प्राप्ति र वातावरणीय अध्ययन सम्पन्न गरेर मात्र वन क्षेत्रमा पूर्वाधार निर्माण गर्ने सम्बन्धमा सबै मन्त्रालय निकायको प्रतिबद्धता हुनुपर्ने
- वन ऐन र नियमावलीमा रहेका संघीयता प्रतिकूल व्यवस्थाहरूलाई संशोधनका लागि अनुरोध गर्ने ।
- संरक्षण क्षेत्र सिमाना, व्यवस्थापनको मोडालिटी र स्रोत साझेदारी सम्बन्धमा समसामयिक परिमार्जनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।
- संघीय वा प्रदेश सरकारबाट दिगो वन व्यवस्थापनको मापदण्ड तयार गरी कार्यान्वयन गरिनुपर्ने
- प्रदेशको आवश्यकता सम्बोधन हुने गरी मात्र संघीय सशर्त कार्यक्रम पठाउने व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।
- जसको क्षेत्राधिकारमा जग्गा प्राप्त हुन्छ सोही निकायले जग्गाको संरक्षण र व्यवस्थापन गर्ने व्यवस्था मिलाउने गरी निर्णय हुन र सोही अनुसार आयोजना र वन निकुञ्ज विभाग बीच/ सम्झौता हुने व्यवस्थाका लागि अनुरोध गर्ने
- प्रदेश गौरवका आयोजनाहरुको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा उपलब्ध गराउन सहजिकरणका लागि विशेष व्यवस्था हुन नेपाल सरकारलाई अनुरोध गर्ने ।
- वन्यजन्तुको बढ्दो संख्या (वासस्थानको वहन क्षमताको अध्ययन गर्नुपर्ने), वैकल्पिक वासस्थान व्यवस्थापन, आकस्मिक व्यवस्थापनका लागि पकडने, समात्ने र स्थानान्तरण गर्ने सीप दक्षता र स्रोत साधनको व्यवस्था, उद्दार तथा उपचार केन्द्रको व्यवस्था, द्वन्द न्यूनिकरणका लागि थप कार्यक्रम, राहत र क्षतिपूर्ति वितरणमा सहजिकरण
- संरक्षित जलाधार क्षेत्रको मापदण्ड र व्यवस्थापन मोडालिटी सम्बन्धमा स्पष्ट गर्न संघीय सरकारलाई अनुरोध गर्नुपर्ने
- प्रदेशमा समायोजन भइ आएका कर्मचारीको उत्प्रेरणा, वृत्ति विकास र व्यवस्थापन गर्ने गरी संघीय निजामती सेवा ऐन जारी हुनुपर्ने
- डिभिजन सब डिभिजन वन कार्यालयहरूका जीर्ण पूर्वाधार, साधन स्रोतको कमी, असहज कार्य वातावरण समाधानार्थ विकास साझेदारहरूसँग संघीय मन्त्रालयले सहयोग, समन्वय र सहजिकरण गरिदिनुपर्ने
- वन ऐन, खानी ऐनमा बाझिएका दफाहरुलाई मिलाउने, साथै खानी उत्खनन सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले तयार गरेको मापदण्ड र अन्य संघीय मापदण्डहरु बीच भएका बेमेलहरुलाई हटाउन एकीकृत कानून जारी गर्नु पर्ने

- गण्डकी प्रदेश जलवायु जन्य प्रकोप जोखिमको हिसाबले ज्यादै संवेदनशील रहेकोले बजेटको प्राथमिकता दिनुपर्ने

४.१०.५. **आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :**

| **क्र.सं.** | **विवरण** | **बार्षिक वजेट रु. हजारमा** | **खर्च** | **प्रगति प्रतिशत** |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ५६१९६० | ४२९२६६ | ७६.३९ |
| २. | पूँजिगत खर्च तर्फ | ३९६४७० | ३५०१०४ | ८८.३१ |
| | **जम्मा** | **९५८४३०** | **७७९३७०** | **८१.३२** |

## ४.११. कृषि तथा भूमि व्यवस्था मन्त्रालय

कृषि तथा भूमि व्यवस्था मन्त्रालय प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गरी गर्ने नीति लिई कृषि एवं पशुपन्छीजन्य उत्पादन एवं व्यापारमा यान्त्रिकीकरण, व्यावसयिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रुपान्तरण गर्दै रोजगारीको अवसर सृजना गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने निकाय हो ।

### ४.११.१. मन्त्रालयको जिम्मेवारी र भूमिका

संविधानको अनुसूचीमा व्यवस्था भएका सङ्घ र प्रदेशको साझा अधिकार, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार र प्रदेशको एकल अधिकार क्षेत्रका कृषि, पशुपन्छी, भूमि व्यवस्थापन तथा सहकारीसँग सम्बन्धित विषयमा नीति निर्माण गर्ने, संघीय सरकार र स्थानिय तह बिच समन्वय र सहकार्य गर्दै प्रदेश सम्वृद्धिका लागि व्यवसायीकिकरण र आधुनिकिकरणमा जोड दिदै कृषि क्षेत्रको विकास र विस्तार गरी नयाँ रोजगारीको अवसर सृजना गर्ने, कृषि तथा पशुपन्छीको दिगो व्यवस्थापन गरी आत्मनिर्भर कृषिमा जोड दिनु आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ

### ४.११.२. आर्थिक बर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेशका प्राथमिकता प्राप्त फलफूल बाली स्याउ र सुन्तला खेती तथा हायारिंग सेन्टरको व्यावसायिक योजना, प्रदेश कृषि जैविक विविधता तथा प्राङ्गारिक कृषि रणनीतिक कार्य योजना ,फलफूल नर्सरी व्यवस्थापन तथा संचालन निर्देशिका, २०८० निर्माण गरिएको
- प्रयोगशाला तथा उपचार सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु मार्फत १६१८१२ पटक पशु उपचार सेवा, ४७७५४३ डोज पशु खोप सेवा, २००२८ वटा नमूना परिक्षण, ६२९७५ पटक कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको
- समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन कार्यक्रमको कार्यान्वयनबाट कुल २९४.३३ हे.क्षेत्रफलमा उत्पादित ४३२४.७ मे.ट. आलु उत्पादन भई बिक्रि मार्फत रु. २५ करोड ६० लाख ४ हजार आम्दानी कृषकलाई प्राप्त भएको
- खायन आलु उत्पादन २२७ हेक्टरमा क्षेत्र विस्तार भई २०२० महिला, १७२२ पुरुष गरि जम्मा ३७४२ कृषक लाभान्वित भएका जसमा दलित ७०६, जनजाति १०७३ र १९६३ अन्य रहेका।
- पशुमा पुर्ण खोप कार्न्यक्रम मार्फत प्रदेशका ९५ प्रतिशत भन्दा बढी पशुपालक कृषकको घरगोठमा सेवा पुगेको र पशुपन्छीमा रोगको Outbreak घटेको।
- सहकारी संस्था मार्फत दूध संकलन र बजारीकरण गर्ने कृषकहरुलाई प्रति लिटर दूध उत्पादन गरे बापत रु २.५० उपलब्ध गराउँदा दूध उत्पादनमा वृद्धि भएको र अधिकांश कृषकमा लाभ पुगेको।
- कृषिमा आधारित साना उद्योग स्थापना भएकाले स्थानीय उपजको विक्रि वितरणमा टेवा पुगेको र कृषकलाई दिगो कृषि तर्फ आकर्षण गरेको।
- ग्रामीण पोषण सुरक्षा कार्यक्रम कार्यान्वयनबाट ग्रामीण भेगमा रहेका कृषकहरुको खाद्य तथा पोषण स्थितिमा सुधार भएको।
  - चैते धान उत्पादन प्रवर्धनबाट क्षेत्रफल बढाई ६४२ हेक्टर पुर्याइएको
  - पशुमा पूर्ण खोप कार्यक्रम अभियानको रुपमा संचालन भएको
  - थप ५०० रोपनी जमिनमा चक्लाबन्दी गर्ने कार्यका लागि सम्बन्धित अनुदानग्राहीसँग सम्झौता भई कार्यक्रम कार्यान्वयन भैरहेको।
  - शितोष्ण फलफूल खेती विस्तार तथा व्यवसायीकरणका लागि थप १३६ रोपनीमा स्याउ, ३२९ रोपनीमा ओखर,र १६७ रोपनीमा खुर्पानी बगैंचा विस्तार गर्ने कार्य भएको
  - प्रदेशस्तरीय कृषि यान्त्रीकरण प्रदर्शनी कार्यक्रम सम्पन्न भएको। उक्त कार्यक्रममा २० हजार कृषक तथा सरोकारवालाको भ्रमण भएको।

- उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाई भैसीको संख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नश्ल सुधार सम्बन्धी कार्यक्रम तथा पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम मार्फत ३४८० पाडा बाच्छी हुर्काउन सहयोग गरिएको
- बाली विमाको विमा शुल्कमा अनुदान अन्तर्गत स्याउ बगैंचा - २२ रोपनी, उच्च घनत्व स्याउ खेति२५ रोपनी तथा आलु प्रवर्द्धन कार्यक्रममा संलग्न कृषकहरुको बिमा गरिएको। -
- व्यवसायिक फलफूल खेतिमा संलग्न कृषकहरुलाई १२९..५ मेट्रिक टन प्राङ्गारिक मल वितरण गरिएको
- उत्पादनमा आधारित प्रोत्साहन अन्तर्गत कास्की (दूधमा), लम्जुङ्ग, नवलपुर र स्याङ्जाका ३५ वटा दुग्ध सहकारी लाई ९२४१८१५ लि दुधको रकम भुक्तानी गरिएको
- लम्पी स्किन डिजिजका लागि खोप र लजिस्टिक खरिद तथा व्यवस्थापन अन्तर्गत खोप खरिद गरी सम्बन्धित जिल्लामा पठाईएको।
- उन्नत नश्लका ९९६ पाडीबाच्छी हर्काउन प्रोत्साहन सहयोग उपलब्ध गराईएको।
- मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाँउ कार्यक्रम अन्तर्गत १५ वटा नमुना गाउँमा सम्झौता भई कार्यक्रम अगाडि बढेको
- मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ११२ हे. मा बीउ र २४० हे. मा खाद्यान्न मकै उत्पादन हुने अपेक्षा गरिएको
- पहाडी क्षेत्र काष्ठफल विकास आयोजना अन्तर्गत स्थानीय तहमा अभिमूमीकरण कार्यक्रम संचालन गरिएको।

### ४.११.३. मुख्य समस्या र चुनौतीहरु

- कृषक पहिचान र वर्गीकरण प्रभावकारी हुन नसकेकोले कृषकहरुलाई उपलव्ध गराईने अनुदान वस्तुनिष्ठ र वैज्ञानिक बनाउन नसकिएको।
- पर्याप्त बजेट तथा कार्यक्रमको अभावका कारण कृषि तथ्यांक अद्यावधिक सम्बन्धी कार्य प्रभावकारी हुन नसकेको र प्रदेशको खाद्य सुरक्षा स्थितिको यथार्थ चित्रण हुने गरी तथ्याङ्क अध्यावधिक गर्न कठिन भएको।

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मुस्ताङ्ग र मनाङमा सवारी साधन नभएको साथै कार्यालयहरुमा २० बर्ष भन्दा पुराना गाडीहरु रहेकाले प्राविधिक सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको।
- यस मन्त्रालय अन्तर्गतका निकायहरुको कार्यालय भवन अन्य निकायहरुले प्रयोग गरेकाले व्यवस्थापनमा बाधा पुगेको।
- बाँदरको व्यवस्थापन उचित ढङ्गले हुन नसकेकाले बाँदर प्रभावित क्षेत्रहरुमा जग्गा बाँझिने क्रम बढेको।
- कृषियोग्य भूमिको गैंर कृषि क्षेत्रमा प्रयोग बढेकाले कृषि उत्पादन तथा उत्पादकत्वमा कमि आएको।
- कार्य विस्तृतीकरण प्रतिवेदनले अधिकारको विस्तृत व्याख्या गर्न नसकेको र तीन तहका सरकारको कार्यक्रमगत क्षेत्रमा स्पष्ट पार्न नसकेकोले दोहोरोपना न्यूनीकरण हुन नसकेको।
- गाईभैंसीमा लम्पीस्किन डिजिज र बङ्गुरमा अफ्रिकन स्वाइन फिभर रोगको प्रकोप देखिएकोले दूध उत्पादन र मासु उत्पादनमा ठूलो ह्रास आएको र रोगको प्रकोपले व्यवसायिक फर्महरु पलायन हुने क्रम देखिएको।
- प्राकृतिक प्रकोप तथा जलवायुजन्य घटनाहरु जस्तै बाढी, पहिरो, असिना, खडेरी, आगलागी आदि वृद्धि हुँदै गएकोले कृषि उत्पादन चुनौतिपूर्ण भएको र यस्ता घटनाले कृषि क्षेत्रमा क्षतिमा वृद्धि हुँदै गएको।
- गुणस्तरीय र सर्वसुलभ कृषि उत्पादन सामग्रीको वितरण तथा उपलब्धतामा स्थिरता नहुनु।

### ४.११.४. मन्त्रालयको आगामी कार्यदिशा

- नीतिगत सुधार र पूर्व तयारी,
- परियोजनागत कार्यक्रम विकास र कार्यान्वयन (प्रमुख खाद्यान्नबाली, तरकारी, फलफूल, रैथाने बाली, आलु, निर्यातयोग्य बाली, बीउ बिजन उत्पादन)
- कृषि तथ्याङ्क अद्यावधिक तथा तथ्यमा आधारित योजनाकार्यक्रम तर्जुमा/,
- जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि,
- वित्तीय स्रोत परिचालन र कार्यक्रम कार्यान्वयन, अनुगमन तथा पृष्ठपोषण
- करार खेती प्रवर्धन मूल्य जोखिमता, कर्जा र उत्पादन सामग्रीमा पहुँच, उत्पादकत्व र आम्दानीमा वृद्धि, गरिबी निवारणमा टेवा

- जलवायु अनुकुलित खेती प्रणालीको विकास, खाध्य सुरक्षाको सुनिश्चितता, अनुकुलन प्रवर्धनमा सहयोग,
- उत्पादनमा आधारित प्रोत्साहन अनुदानमा जोड।
- कृषि उपजको बजार सुनिश्चितता सुनिश्चितता
- कृषि सूचना प्रणालीको विकास
- उत्पादन प्रणालीमा प्राविधिक सहयोग तथा कृषि पूर्वाधारको विकास
- स्वच्छ तथा गुणस्तरीय उत्पादन प्रणाली र सामाजिक उत्तरदायित्वको संयोजन

**४.११.५. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :**

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | १७९६४३२ | १२७९६३९ | ७६.८० |
| २. | पूँजिगत खर्च तर्फ | १९२३५० | १२८६९९ | ६६.९१ |
| | **जम्मा** | **१९८८७८२** | **१४०८३३८** | **७०.८१** |

**४.११.६. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः**

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | २०४९५६९ | ६५६०२९ | ३२.०१ |
| २. | पूँजिगत खर्च तर्फ | १६७०५७ | ४५१६८ | २७.०४ |
| | **जम्मा** | **२२१६६२६** | **७०११९७** | **३१.६३** |

## ४.१२. ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय प्रदेश समृद्धिको लागि परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादकत्व वृद्धि गरि दिगो कृषि अर्थतन्त्र निर्माण गर्न उपलव्ध सतह र भूमिगत पानीको समान्जस्य रुपमा उपयोग गर्दै समानुकुल नविनतम प्रविधिको प्रयोग गरि सिंचाइ प्रणालीको विकास र विस्तार गर्ने, आधारभूत खानेपानीको आपूर्ति र सरसफाई, जलविद्युतको अतिरिक्त सौर्य र वायु उर्जा उत्पादन, राष्ट्रिय उर्जा सुरक्षाको आधारशिला तयार गर्न अग्रणी भूमिका निर्वाह गर्ने निकाय हो ।

### ४.१२.१. जिम्मेवारी र भूमिकाः

संविधानको अनुसूची ७ मा भएको व्यवस्था तथा गण्डकी प्रदेश सरकार नियमावली (कार्य विभाजन), २०७४ अनुसार मध्यम स्तरको विधुत, सिंचाई र खानेपानी आयोजनाको नीति निर्माण, नियमन र कार्यान्वयन गर्ने, प्रदेशस्तरको उर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदि तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार समन्वय र नियमनको जिम्मेवार निकायको रुपमा यो मन्त्रालय रहेको छ ।

हाल गण्डकी प्रदेशमा यस मन्त्रालयको ऊर्जा क्षेत्रमा विद्युत प्राधिकरणको नियमित कार्यक्रम र बजेटले नसमेटेको क्षेत्र र स्थानमा विद्युतीकरण गर्न, बिद्युत बिस्तार कार्य, लघु जलबिद्युत आयोजना मर्मत सम्भार तथा निर्माण एवम सौर्य उर्जा प्रबिधि जडान कार्य सम्पन्न गरी उज्यालो गण्डकी प्रदेश अभियान संचालन गर्ने र बिद्युत वितरण प्रणालीका जीर्ण काठे पोल प्रतिस्थापन गरि बिद्युत सेवालाई भरपर्दो बनाउने कार्यमा प्रमुख भूमिका रहेको छ ।

सिंचाइ क्षेत्रमा सिंचित क्षेत्रफल बिस्तार गर्दै भईरहेको सिंचाइ प्रणालीहरूको स्तरोन्नति र नवीकरण गरी खेती योग्य जमिनमा बाहैं महिना सिंचाइ सुबिधा पुर्याउने गरी योजना र कार्यक्रम संचालन गर्ने, त्यसै गरी जलजन्य जोखिमयुक्त स्थानमा तटबन्ध पहिरो संरक्षण गरी जोखिम नियन्त्रण गर्ने, खानेपानी तथा सरसफाइको क्षेत्रमा आधारभुत स्तरको खानेपानी सुविधाको पहुँच सबै जनतामा पुर्याई घर घरमा नीजि धारा जडान गर्ने र खानेपानी सेवालाई पर्याप्त, भरपर्दो र सुरक्षित तुल्याउने भूमिका यस मन्त्रालयको रहेको छ ।

### ४.१२.२. आर्थिक वर्ष २०८०/०८१ को बैशाख मसान्तसम्म सम्पादन गरिएका महत्वपूर्ण कार्यहरुः

- लिफ्टिंग खानेपानी तथा आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धि मापदण्ड,२०८० निर्माण गरिएको
- प्रदेश खानेपानी ऐन, २०७९ को संशोधन कार्यको मस्यौदा तयार भएको
- प्रदेश सरकार स्रोत तर्फ २१४८ वटा र संघीय सशर्तका ५५१ वटा तथा बिशेष अनुदानमा संचालित ३१ वटा गरी जम्मा २७३० योजनाहरु संचालनमा रहेकोमा प्रदेश सरकार स्रोत तर्फका योजनाहरु मध्ये ३९० वटा योजना सम्पन्न हुने चरणमा रहेको
- ३६ वटा पालिकाहरुको गण्डकी प्रदेश खानेपानी सरसफाइ तथा स्वच्छता कार्ययोजना(Gandaki Wash Plan) तयार गर्ने कार्य भई रहेको
- चालु आ .व.को बैशाखसम्ममा रास्ट्रिय प्रशारण लाईन, लघु जलबिद्युत र घरेलु सौर्य ऊर्जा प्रबिधि जडान समेत गरी प्रदेश भित्रका ५५.९९ प्रतिशत घरधुरीमा बिद्युत सेवाको पहुँच पुगेको
- बाग्लुंग जिल्लाको ढोरपाटन न.पा- ६ स्थित छेन्तुंगका ३८४ घरधुरीमा घरेलु सौर्य उर्जा जडान कार्य सम्पन्न भएको
- स्याङ्जाको वालिङमा ८ थान सोलार सडक बत्ती जडान गरिएको।
- गोरखाको आहाले मा वि को ५ किलोवाट क्षमताको संस्थागत सोलार सिस्टम मर्मत गरी संचालनमा ल्याईएको
- गोरखा जिल्लाको गोरखा न.पा. १० छेपेटारमा ११५ थान स्मार्ट सडक लाइट जडान कार्य सम्पन्न भएको
- गोरखा जिल्लाको सिरानचोक गा-.पा.२, आहाल भन्ज्याङ मा.वि.मा ५ किलोवाट पिक क्षमताको सोलार मर्मत कार्य सम्पन्न भएको
- विभिन्न जिल्लामा गरी जम्मा ४५७ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भई ५८.९९ हेक्टर खोला किनारको जग्गा उकास भएको
- यस अवधिमा नयाँ सतह सिंचाइ प्रणालीबाट १२८, लिफ्टबाट ३५, पाइप पोखरी प्रणालीबाट-१६ र भूमिगत सिंचाइ प्रणालीबाट १२० गरी जम्मा २९९ हेक्टर सिंचित क्षेत्रफल विस्तार भएको
- परम्परागत कृषक कुलोको नवीकरण र स्तरोन्नति गरी थप ३३८ हेक्टर जमिनमा बार्हैं महिना सिंचाइ सुविधा पुर्याईएको,

- पुराना जीर्ण सिंचाई प्रणालीको पुनस्थापना गरी १०४३ हेक्टर जमिनमा सिचाई सेवा नियमित गरिएको,
- प्रदेश सरकारको "एक घर एक धारा" कार्यक्रम अन्तर्गत १०,५९३ वटा थप गरी जम्मा १,४०,३८७ घर धुरीमा निजी धारा जडान भएको ।

### ४.१२.३. मुख्य समस्या र चुनौती

- कार्यान्वयन गर्नुपर्ने योजना संख्या वर्षै पिच्छे बढ्दै गैरहेको तर सो अनुरुप बजेट बिनियोजन बढ्न नसकेको
- वार्षिक विनियोजन योजनाको लागत अनुमानको बार्षिक मूल्य बृद्दि दर भन्दा कम रहन गएको समेत अवस्था रहेको
- एउटा प्राविधिकको कार्य जिम्मेवारीमा ५०६० भन्दा बढी आयोजना पर्नाले गु णस्तरीय रूपमा प्रदेश सरकारका स्रोतबाट समयमा काम सम्पन्न गर्न समस्या परेको।
- खानेपानी र सिंचाइका योजनाहरु सानो सानो प्रकृतिको हुने तर त्यस्ता ससाना योजनामा बहुबर्षीय सुनिस्चितता लिएर काम गर्नमा व्यवहारिक नहुने हुनाले २-३ बर्षमा सम्पन्न हुन् सक्ने गरी वजेट विनियोजन हुनुपर्ने
- ससर्त संघबाट हस्तान्तरित सिंचाइ तर्फका अधुरा र समयमा सम्पन्न हुन नसकेका बिशेष अनुदानका खानेपानीका योजनामा पनि प्रदेश सरकारको स्रोतबाट व्यवस्थापन गर्नुपर्दा बजेट व्यवस्थापनमा चाप परेको ।
- स्थानीय तहबाट ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य सामग्रीको उत्खनन हुँदा र नहुँदा कुनै ठाउमा उकासिने र भासिने समस्या आई तटबन्ध सम्बन्धी संरचनाहरु जोखिममा परेको हुँदा नदीजन्य सामग्रीहरुको उत्खनन कार्यको सही व्यवस्थापन गर्नु पर्ने

४.१२.४. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ३०४५०३ | २३४३१८ | ७६.९५ |
| २. | पूँजिगत खर्च तर्फ | ५६५२६५५ | ४८२७०५७ | ८५.३९ |
| | **जम्मा** | **५९५७१५८** | **५०६१३७५** | **८४.९६** |

४.१२.५. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ३५१८०५ | १८५७०८ | ५२.७९ |
| २. | पूँजिगत खर्च तर्फ | ४६६०२०० | २१७४४३३ | ४६.६६ |
| | **जम्मा** | **५०१२००५** | **२३६०१४१** | **४७.०९** |

## ४.१३. गण्डकी प्रदेश नीति तथा योजना आयोग

प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रकृयालाई वैज्ञानिक र पारदर्शी बनाउन गण्डकी प्रदेश सरकारको प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम २०७५ श्रावण ६ गते नीति तथा योजना आयोग गठन भएको हो ।प्रदेशको आर्थिक, सामाजिक, भौतिक लगायतका समग्र क्षेत्रको विकासका लागि आवश्यक दीर्घकालीन लक्ष्य, मार्ग चित्र, योजना तर्जुमा गरी सहजिकरण गर्ने, आवश्यक अध्ययन अनुसन्धान गर्ने, विकासका आवश्यकता पहिचान गर्ने, योजनाहरुको प्राथमिकीकरण गर्ने, मापदण्ड तयार गर्ने, सरकारको थिंक-ट्यांकको रुपमा विज्ञ सुझाव प्रदान गर्ने जस्ता महत्वपूर्ण कार्यहरु सम्पादन गर्ने निकायको रुपमा आयोग रहेको छ ।

### ४.१३.१. आयोगको जिम्मेवारी तथा भूमिका

❖ **दीर्घकालीन नीति तथा योजना तर्जुमा**

- प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,
- सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्व मूल्यांकन तथा परीक्षण समेत गरी सहमति दिने,
- लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनोट सम्बन्धी काम गर्ने,
- स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,
- अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,
- प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,
- संघ, प्रदेश तथा स्थानीय तहको सहलगानी हुने आयोजना छनोट र पूर्वतयारी गर्न आवश्यक काम गर्ने,
- प्रदेशस्तरका ठूला आयोजनाहरुको छनोट गर्ने,
- प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्र्याक्टिङ्ग,(इपिसी) इन्जिनियरिङ्ग,प्रोक्योरमेन्ट, कन्ट्याक्टिङ् एण्ड फाइनान्सिङ्ग(इपिसिएफ) र विल्ड वोन अपरेट एण्ड ट्रान्सफर (बुट) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गर्ने ।

### ❖ अनुगमन तथा मूल्यांङ्कन

- प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने,
- मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने, गराउने,
- अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्यांकनकर्ता तथा विषयगत पेशागत संघसंस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

## ❖ तहगत समन्वय

- संघ,प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- अन्तराष्ट्रिय सहायता परिचालनको समन्वय र सहजिकरण गर्ने,
- प्रदेश सरकारका क्षेत्रगत नीतिहरुको सहमति दिने,
- आयोजना बैंक तथा आयोजना तयारीको लागि सार्वजनिक—निजी साझेदारी इकाईको रुपमा काम गर्ने ।

## ❖ अध्ययन, अनुसन्धान तथा अन्वेषण

- प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,
- सार्वजनिक,निजी एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने,
- विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,
- क्षेत्रगत र विषयगत स्वयं सेवकको छनोट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने ।

### ४.१३.२. आर्थिक बर्ष २०७९/८० को खुद बजेट र खर्चको यथार्थ विवरण :

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ३६६८१ | २४८३७ | ६२.५९ |
| २. | पूँजिगत खर्च तर्फ | ४१०० | ४०७२ | ९९.३२ |
| | **जम्मा** | ४०७८१ | २८९०९ | ७०.८९ |

### ४.१३.३. आर्थिक बर्ष २०८०/०८१ को विनियोजित बजेट तथा २०८१ बैशाखसम्मको खर्चको विवरणः

| क्र.सं. | विवरण | बार्षिक वजेट रु. हजारमा | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च तर्फ | ६०००० | २३९७६ | ३९.७६ |
| २. | पूँजिगत खर्च तर्फ | ५००० | २५५७ | ५१.१४ |
| | **जम्मा** | ६५००० | २६५३३ | ४०.८२ |

### ४.१३.४. वजेट कार्यान्वयनमा देखिएका समस्या चुनौती

- परामर्श सेवाका वजेट कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव,
- परामर्श सेवाको लागत अनुमान तयार गर्ने मापदण्ड नहुँदा लागत अनुमान तयार गर्न समस्या भएको,
- खर्चको मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा नपुग भएको,
- प्रदेशमा थिंक टयाकंको व्यवस्था नहुदाँ वाह्य कन्सल्टेन्सी सेवा लिन परेको,
- वैज्ञानिक संगठन तथा व्यवस्थापन सर्वेक्षण नहुदाँ कार्यालयमा उपयुक्त दरवन्दी संरचना हुन नसकेको ।

# अनुसूचीहरू

# अनुसूची-१
## मन्त्रालयगत स्रोतगत खर्चको अवस्था

मन्त्रालय तथा निकायहरुमा भएको स्रोतगत खुद बजेट र खर्चको विवरण निम्नअनुसार रहेको छ:

| अनुदान संख्या | मन्त्रालय | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| २०२ | **गण्डकी प्रदेश सभा** | | | |
| | प्रदेश सरकार | १६४५४५ | १०४०८९ | ६३.२६ |
| २१० | **गण्डकी प्रदेश लोक सेवा आयोग** | | | |
| | प्रदेश सरकार | १४३१५४ | ८९५६७ | ६२.५७ |
| २१६ | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | | | |
| | प्रदेश सरकार | १६६२२ | ११०२१ | ६६.३० |
| ३०१ | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **११९०४५४** | **४४२१८९** | **३७.१४** |
| | प्रदेश सरकार | ९८२४५४ | ४१६७९९ | ४२.४२ |
| | वित्तीय समानिकरण | ४०००० | ० | ०.०० |
| | सशर्त अनुदान | १६८००० | २५३९० | १५.११ |
| ३०५ | **आर्थिक मामिला मन्त्रालय** | | | |
| | प्रदेश सरकार | १५१५७८ | ५४५५५ | ३५.९९ |
| ३०७ | **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | **१६०६२४२** | **६९२१४७** | **४३.०९** |
| | प्रदेश सरकार | १४३३७४२ | ६३५९५९ | ४४.३६ |
| | सशर्त अनुदान | १७२५०० | ५६१८८ | ३२.५७ |
| ३१२ | **कृषि तथा भूमि व्यवस्था मन्त्रालय** | **२२४४६९७** | **७०५३१६** | **३१.४२** |
| | प्रदेश सरकार | १९२५९९७ | ६८३६६९ | ३५.५० |
| | वित्तीय समानिकरण | ० | ० | #छ्ष्ध्/०! |
| | विशेष अनुदान | ९०००० | ८५६१ | ९.५१ |
| | सशर्त अनुदान | २२८७०० | १३०८६ | ५.७२ |
| ३३७ | **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय** | **१२६०३०८८** | **४४३२६४९** | **३५.१७** |
| | प्रदेश सरकार | ३१७३२८८ | १३२६६९५ | ४१.८१ |
| | वित्तीय समानिकरण | ७२४५५०० | २४९३३६६ | ३४.४१ |
| | समपुरक अनुदान | ८४०००० | २७०७०५ | ३२.२३ |
| | सशर्त अनुदान | १३४४३०० | ३४१८८४ | २५.४३ |
| ३४० | **उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** | **५०१७०५५** | **२३९३३९३** | **४७.७१** |
| | प्रदेश सरकार | ३१९६७५५ | १४३५३१९ | ४४.९० |
| | वित्तीय समानिकरण | १३२००० | ६७४१७ | ५१.०७ |

| अनुदान संख्या | मन्त्रालय | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| | विशेष अनुदान | ५८०००० | ४०२४६४ | ६९.३९ |
| | सशर्त अनुदान | ११०८३०० | ४८८१९३ | ४४.०५ |
| **३५०** | **सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय** | **५१८५३०६** | **२११४०७९** | **४०.७७** |
| | प्रदेश सरकार | ३४६२९३४ | १३४९४३९ | ३८.९७ |
| | वित्तीय समानिकरण | २०५००० | ९४५३९ | ४६.१२ |
| | विशेष अनुदान | ३०००० | १३२५८ | ४४.१९ |
| | सशर्त अनुदान | १४८७३७२ | ६५६८४३ | ४४.१६ |
| **३९१** | **प्रदेश नीति तथा योजना आयोग** | | | |
| | प्रदेश सरकार | ६५६०० | २६६२४ | ४०.५९ |
| **८०१** | **स्थानीय तह** | | | |
| | प्रदेश सरकार | २१०७२४० | १३०४७८७ | ६१.९२ |
| | **कुल जम्मा** | **३३४२७२००** | **१२३७०४१५** | **३७.०१** |

# अनुसूची -२
# बजेट उपशीर्षक अनुसार समष्टिगत वित्तीय प्रगतिको अवस्था

बजेट उपशीर्षकगत विनियोजित रकम मध्येबाट भएको समष्टिगत वित्तीय प्रगतिको अवस्था निम्न अनुसार रहेको छ :-

| अनुदान संकेत | मन्त्रालय/बजेट उपशीर्षक | बजेट उपशिर्षक | २०७९/८० यथार्थ खुद बजेट | २०७९/८० यथार्थ खर्च | २०८०/८१ बैशाख मसान्त सम्म खुद बजेट | २०८०/८१ बैशाख मसान्त सम्म खर्च |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २०२ | गण्डकी प्रदेश सभा | | | | | |
| | २०२०००01 | प्रदेश सभा (सभामुख/ उपसभामुख) | ५६८४ | ४०५८ | ५८८३ | ४७६९ |
| | २०२०००११ | प्रदेश सभा (प्रदेश सभा सदस्यहरु) | ८५९९७ | ५१५३० | ८२३६८ | ६६०९६ |
| | २०२०००१२ | प्रदेश सभा सचिवालय | ६५५५० | ४९५७२ | ७६२९४ | ३३२२४ |
| २१० | गण्डकी प्रदेश लोक सेवा आयोग | | | | | |
| | २१०००००१ | प्रदेश लोकसेवा आयोग | ४६१३ | ४१८८ | ४६८७ | ३५०१ |
| | २१००००११ | प्रदेश लोकसेवा आयोग | ११२६८३ | ७४१२९ | १३८४६७ | ८६०६६ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | | | | | |
| | २१६०००११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १६०८९ | ११४९७ | १६६२२ | ११०२१ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | | | |
| | ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६५७९४ | ३४९१९२ | ४५३२०० | १६८०६७ |
| | ३०१००९०१ | आन्तरिक मामिला | | | ४६६५०० | २३५१४७ |
| | ३०१०२०११ | प्रशिक्षण प्रतिष्ठान | ३७४९९ | १५८०७ | १०२७५४ | १३५८६ |
| | ३०१९११२० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | ३०९२०० | १९६५६८ | १६५००० | २३८९९ |
| | ३०१९११२१ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान(संघ शसर्त अनुदान) | ३००० | २१५७ | ३००० | १४९१ |
| | ३१४०००११ | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | १००२७१ | ३९०२३ | | |
| | ३१६०१९०१ | आन्तरिक मामिला मन्त्रालय | ३९५९०० | ३४८४२६ | | |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | | | | | |
| | ३०५०००११ | अर्थ मन्त्रालय | ७६९२९ | ५४०६२ | | |
| | | आर्थिक मामिला मन्त्रालय | | | १०२७४७ | २६१०० |
| | ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ३५५९३ | २९५५३ | ४००३१ | २३९०२ |
| | ३०५०१०१२ | प्रदेश लेखा इकाइ कार्यालयहरु | ६६०० | ६५८९ | ८८०० | ४५५३ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | | | |
| | ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | ९४०९१ | २१६९१ |
| | | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६३७४३ | ४०३६० | | |
| | ३०७०००१५ | ताल संरक्षण तथा विकास प्राधिकरण | | | २३५३८ | १२८६१ |
| | ३०७००९०१ | पर्यटन कार्यालयहरू | ३८८९ | ३८८९ | | |
| | ३०७००९०२ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय(बन तथा बातावरण तर्फ) | | | ४०२६५ | २२६३१ |
| | ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ५२६३५ | ३४२६५ | | |
| | | पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | | | १०६५०० | ३२८६१ |
| | ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरु | ४२१४३१ | ३६४२९७ | | |
| | | पर्यटन तथा उद्योग कार्यालयहरु | | | ४२०२९२ | १५३४९६ |
| | ३०७०२०११ | वन निर्देशनालय | | | ३०९८६ | १६६३७ |
| | ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | | | ४८४५३७ | २३९१४१ |

| अनुदान संकेत | मन्त्रालय/बजेट उपशीर्षक | बजेट उपशिर्षक | २०७९/८० यथार्थ खुद बजेट | २०७९/८० यथार्थ खर्च | २०८०/८१ बैशाख मसान्त सम्म खुद बजेट | २०८०/८१ बैशाख मसान्त सम्म खर्च |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | | | २१३३९४ | १२४९१९ |
| | ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | | | २०१३९ | ११७२३ |
| | ३०७९११२० | पर्यटन पूर्वाधार विकास आयोजना(संघ शसर्त अनुदान) | ५७००० | ३७५०७ | | |
| | ३०७९११२२ | उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय(संघ शसर्त अनुदान) | २६०० | १४९ | | |
| | ३०७९११३० | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | | | १९००० | १४७०७ |
| | ३०७९११३१ | जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | | | २१००० | ३९२१ |
| | ३०७९११३२ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | | | ५०५०० | ६६४९ |
| | ३०७९११३३ | वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | | | १८५०० | ११३९१ |
| | ३०७९११३४ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | | | ३२००० | १४९७५ |
| | ३०७९११३५ | वातावरण विभाग(संघ शसर्त अनुदान) | | | ३१५०० | ४५४४ |
| | ३२००१००१ | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | ३६५४८ | २९४३१ | | |
| | ३२००२००१ | वन निर्देशनालय | २७५४४ | २१४३२ | | |
| | ३२००२००२ | डिभिजन वन कार्यालयहरू | ४६८००० | ३५३८६७ | | |
| | ३२००२००३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १६५९२ | १६२०३ | | |
| | ३२००३००१ | भूसंरक्षण कार्यालयहरू | १९५४६५ | १८६२८२ | | |
| | ३२००३००२ | ताल संरक्षण तथा विकास प्राधिकरण | २१७०१ | १६५७२ | | |
| | ३२०९११२० | वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | २२४०० | १७३४० | | |
| | ३२०९११२१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ५८६०० | ४८१९८ | | |
| | ३२०९११२३ | जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | २९००० | १६६२५ | | |
| | ३२०९११२४ | वातावरण विभाग(संघ शसर्त अनुदान) | ३१००० | २४७०७ | | |
| | ३२०९११२५ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ३२५०० | ३०७१३ | | |
| | ३२०९११२६ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | १९०८० | १७९९८ | | |
| **३१२** | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | | | | | |
| | ३१२०००११ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | | | १४७३६१ | ४८८४४ |
| | | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय | ९१४५३ | ५६८३६ | | |
| | ३१२०१००१ | कृषि स्रोत केन्द्रहरू | ८७९७४ | ७०३३० | ७०५८५ | ४०५७१ |
| | ३१२०१०११ | कृषि विकास निर्देशनालय | १८७७०७ | १५०६१४ | १०७६०२ | १७७१२ |
| | ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २०७०६ | १७५१३ | २२८०२ | १२९६० |
| | ३१२०१०१३ | माटो तथा मल परिक्षण प्रयोगशाला | १७२०२ | १५५७७ | २८६५३ | १३१७७ |
| | ३१२०१०१४ | बिउ विजन प्रयोगशाला | १६८७६ | १४८८३ | १९५७४ | ७७४७ |
| | ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | २२२३७ | १९१०२ | २३८७८ | ११२१ |
| | ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | ६२५४०४ | ४८४२८१ | ८४२६९९ | २५४२९५ |
| | ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ५८९६४ | ४७९८२ | १२१४८६ | ५४११० |
| | ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | २२५८७ | १९६७९ | २६६४८ | १३३७१ |
| | ३१२०२०१४ | मत्स्य विकास केन्द्र | २२०७२ | १६१३९ | २८८५४ | ७६९८ |
| | ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ५९२२३० | ४४५५७० | ५४७००३ | १९९९१६ |
| | ३१२०५९०१ | सहकारी रजिष्ट्रारको कार्यालय | १७५४० | १४८३१ | २०१६४ | १०७०८ |

| अनुदान संकेत | मन्त्रालय/बजेट उपशीर्षक | बजेट उपशिर्षक | २०७९/८० यथार्थ खुद बजेट | २०७९/८० यथार्थ खर्च | २०८०/८१ बैशाख मसान्त सम्म खुद बजेट | २०८०/८१ बैशाख मसान्त सम्म खर्च |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | ३१२९११२० | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(संघ शसर्त अनुदान) | ३६३० | २३६९ | | |
| | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान) | ७१३०० | ५८२७७ | २६८०० | १७ |
| | ३१२९११२२ | कृषि विभाग(संघ शसर्त अनुदान) | १२१९०० | ६८१५१ | १४७०० | १३७९ |
| | ३१२९११२३ | पशु सेवा विभाग(संघ शसर्त अनुदान) | ९००० | ६२०६ | ५००० | ३२३० |
| | ३१२९११३७ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना(संघ शसर्त अनुदान) | | | १९०८८९ | ८४५९ |
| ३३७ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | | | | | |
| | ३३७०००११ | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | ५०५६४ | ३८२४७ | ५६९५० | ३४८८४ |
| | ३३७०१०११ | यातायात पूर्वाधार निर्देशनालय | ४९६४८२ | १९४१७६ | ३८२६८१ | ५१७४६ |
| | ३३७०१०१२ | पूर्वाधार विकास कार्यालयहरु | १०३३९२३७ | ६९४८४२२ | १०४३९४३९ | ३८८१५४६ |
| | ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | १४६५०७ | ११९८३० | १४८८१८ | ९१६४४ |
| | ३३७०४०११ | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु | २०६७६९ | ११५३१० | १५९८०० | ३०९४५ |
| | ३३७९११२० | बाग्लुङ-बेनी(संघ शसर्त अनुदान) | ६८०० | ६७५३ | | |
| | ३३७९११२१ | व्यास मार्ग - बुद्धसिंह मार्ग(संघ शसर्त अनुदान) | १२६१७७ | ११२५३९ | | |
| | ३३७९११२२ | मिर्दि-क्याक्मी-भिमाद(संघ शसर्त अनुदान) | १९७५०० | १११८३२ | | |
| | ३३७९११२३ | संभावित रणनीतिक सडकहरु(संघ शसर्त अनुदान) | १३६१६४ | १०९८२८ | | |
| | ३३७९११२४ | सम्भावित प्रादेशिक सडकहरु(संघ शसर्त अनुदान) | १९९१९८ | ९४९५४ | ३२५०८४ | १७८४१७ |
| | ३३७९११२५ | आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | ११७७५० | ३८३९ | | |
| | ३३७९११२६ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ५००० | ५००० | १२००० | २७२६ |
| | ३३७९११२७ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान) | १४८७०० | ७९१०४ | ९२५०० | २००५८ |
| | ३३७९११२८ | बस्ती विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ३६०००० | ० | २३८९१६ | ५८०१० |
| | ३३७९११२९ | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ(संघ शसर्त अनुदान) | १२०००० | ० | ७१९९०० | ८०७५९ |
| | ३३७९११३० | सघन शहरी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ३७८२०० | ० | | |
| | ३३७९११३१ | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ६६२५०० | ४८०० | २७००० | १९१४ |
| | ३३७९११३२ | सडक पूर्वाधार विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ३०५६६५ | १५४८०१ | | |
| ३४० | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | | | | | |
